अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ११ / २०८३ असोज १६ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Oct. 2, 2026 / मूल्य रु. १०/-

## सरकार स्वेच्छाचारिताको मार्गतर्फ उन्मुख

काठमाडौ । असोज १० गते सरकारले सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणालाई मध्यरातमा पक्राउ गरी प्रहरी कार्यालयमा पुऱ्याएपछि प्रहरीले पूर्व न्यायाधिश राणालाई जेनजीहरूको थ्रेट रहेका बताएको थियो । २०८२ भाद्र २३ गते जेनजीहरूले विरोध प्रदर्शनलाई हाइज्याक गरेर आफ्नो स्वार्थ पूर्ति गर्नेहरु नै अहिले सत्तामा रहेको छ ।

बालेन सरकार त्यही जेनजीहरूको बुई चढेर सत्तामा पुगेको हो । तर अहिले आफ्नो असफलता लुकाउनैका लागि राणालाई जेनजीहरूको थ्रेट रहेका बताउँदै मध्यरातमा पूर्व प्रधानन्यायाधिशलाई पक्राउ गर्नु र करिब १२ घण्टापछि रिहा गर्नु विपक्षी दलहरूलाई तर्साउन खोज्नु नै हो । हामीले चाहेको खण्डमा पूर्व प्रधानन्यायाधिशलाई पक्राउ गरी १०/१२ घण्टा प्रहरी कार्यालयमा कसैसँग भेटघाट

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## आफ्नो असफलता लुकाउन जेनजीहरुमाथि दोष

काठमाडौ । २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर सत्ताको नेतृत्वमा पुगेको रास्वपा नेतृत्वको बालेन सरकारले अहिले तिनै जेनजीहरूको विरोध गर्न थालेको छ । सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिशलाई जेनजीहरूको थ्रेट रहेको भन्दै असोज १० गते मध्यरातमा पूर्व प्रधानन्ययाधिशलाई पक्राउ गरियो ।

संविधान, कानुन र मर्यादाका समेत उल्लंघन गर्दै थ्रेट दिनेलाई होइन थ्रेट पाउनेलाई पक्राउ गरेर बालेन सरकारले एक तिरले दुई सिकार गर्न खोजेको जस्तो देखिएको छ । सरकारले निजी क्षेत्रका सञ्चारमाध्मलाई आर्थिक नाकाबन्दी मात्र लगाएको छैन २०१६ सालदेखि दिँदै आएको लोककल्याणकारी विज्ञापनको रकममा समेत कटौती गरेको छ ।

>>> बाँकी ८ पेजमा

## कानुनी राज्यको उपहास गर्दै बालेन सरकार

काठमाडौं । प्रधानमन्त्री बालेन साह संयुक्त राष्ट्रसंघको महासभामा सहभागि भएर स्वदेश फर्किएकै रात पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणालाई मध्यरातमा पक्राउ पुर्जीनै नदिएर तथा पक्राउ गर्नुपर्ने कारण नै नखुलाई पक्राउ गरिनुले कानुनी राज्य, विधिको शासन र नागरिकको मौलिक अधिकारको दुहाई दिने बालेन सरकार पछिल्लो समयमा आफ्ना पछिल्ला गतिविधिका कारण गम्भीर प्रश्नको घेरामा पर्दै गएको छ ।

राज्यका निकायले कसैलाई नियन्त्रणमा लिँदा अपनाउनु पर्ने प्रक्रिया, पक्राउ गर्नु पर्नाको कारण र पारदर्शिता समेत देखाउनुपर्नेमा राणालाई पक्राउ गर्दा त्यस्तो विधि अपनाइएको देखिएन । पूर्व प्रधानन्यायाधिश समेत रहिसकेका व्यक्तिलाई समेत रातारात घरबाट

>>> बाँकी ८ पेजमा

# प्रतिशोधको राजनीतिको अन्त्य प्रतिशोधबाटै हुन सक्दैन

### ३५ वर्षमा केही भएन भन्ने भाष्य प्रमाणले नै गलत ठहर

देवेन्द्र चुडाल

काठमाडौं । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि एउटा भाष्य निर्माण गरिएको छ त्यो हो ३५ वर्षसम्मा केही भएन भन्ने हो । हो, जति हुनुपर्ने थियो त्यो नभएकै हो तर केही नै भएको छैन भन्ने भाष्यलाई सरकारी दस्तावेजले नै गलत ठहर गरेको छ । चुनावी भाषणदेखि चिया पसलसम्ममा र सामाजिक सञ्जालमा समेत यो भाष्यले निकै प्राथमिकता पाएको देखिन्छ । के यो कुरा तथ्यमा आधारित छ त ? जनताले चाहेजति विकास निर्माणका कार्य हुन नसकेकै हो । त्यसको कारण के हो भनेर बुझ्नुपर्ने आवश्यकता देखिन्छ । पुराना राजनीतिक दलहरु प्रतिको पूवागह नै यो भाष्य उब्जिएको सरल कथनमात्र यो हो भन्ने सकिने धेरै आधार सरकारी दस्तावजेहरूले नै यसको वास्तविकतालाई उजागर गरेको छ ।



राष्ट्रिय योजना आयोगले तयार पारेको साहौं योजना २०८१/८२ र २०८५/८६ को दस्तावेजले नै प्रमाण दिन्छ । वितेका ७ दशकको योजनावद्ध विकासको प्रयासको समिक्षा गरिएको यो दस्तावेजले ३५ वर्षमा केही भएन भन्ने भाष्यलाई सैद्धान्तिक रूपमा मात्र होइन तथ्यांकीय रूपमा पनि खण्डन गरेको छ । ३५ वर्ष सम्ममा केही भएन भन्ने भाष्यलाई गलत ठहर गरेको छ । ३५ वर्ष सम्ममा केही भएन भन्ने भाष्य राजनीतिक रूपमा उठाइएको र असन्तुष्टिबाट जन्मिएको शब्द हो । पटक-पटक सरकार बदलिरहनु, भ्रष्टाचार बढ्नु, युवा विदेश पलायन हुनु र जनताले चाहेजस्तो विकास निर्माण हुन नसक्नु र आर्थिक समृद्धि हाँसिल हुन नसक्दा नागरिमा निराशा र आक्रोश बढ्नु स्वाभाविक हो/थियो । देशले हाँसिल गरेको उपलब्धि समग्रमा न्यून रहेको तथ्यलाई योजना आयोगले नै स्वीकार गरेको छ । जति हुनुपर्ने थियो त्यही नभएको सत्य हो तर केही नै भएन भन्ने भाष्य नै गलत रहेको छ । राजनीतिक स्वार्थका लागि ३५ वर्षमा केही भएन भन्ने भाष्य र त्यसलाई प्रयोग गरेर जनतामा नैराश्यता फैलएर आफ्नो राजनीति स्वार्थ पूरा गर्न खोज्नु फेरी जनतालाई झुक्याउनु बाहेक अन्य केही हुन सक्दैन । पछिल्लो समयमा पुराना दलहरूलाई पाखा लगाउने हतियारका रूपमा र प्रतिशोधका रूपमा यो भाष्य प्रयोग गर्न थालिएको छ । यो आत्मालोचनात्मक यथार्थवाद हो भने दोस्रो तथ्यहीन र निरासावाद हो । पछिल्लो समयमा नेपाली समाजलाई निराशावादमा रूमलिएको छ । खासगरी २०८२ भाद २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य गर्नेहरूले ३५ वर्षसम्म

>>> बाँकी ८ पेजमा

## अन्धभक्त हुनु भनेको दास हुनु नै हो

काठमाडौ । समयले मानिसलाई कसरी उचाल्छ र पछार्छ भन्ने प्रमाण त धेरै पहिलादेखि नै देखिँदै आएका छन् । कसैलाई उचाल्न निकै समय खर्चिनुपर्ने हुन्छ तर कसैलाई खसाल्न विपक्षीहरूको आवश्यकता नै पर्दैन । आवश्यकताभन्दा बढी उचालिदिए पुग्छ । बास्तविकता भन्दा ठूलो बनाईदिए पुग्छ जब वास्तविकता त्यो छविसँग मेल खाँदैन त्यसबेला त्यो ताली नै ट्रोलमा बदलिन थाल्छ ।

पछिल्लो समयमा प्रधानमन्त्री बालेन साह आफ्नै अन्धभक्तहरूको अतिरन्जित प्रचारबाजी र बाहवाहीका कारण पछिल्लो समयमा आलोचना र ट्रोलको पात्र बन्न थालेका छन् । उनीहरूकै कारण प्रधानमन्त्री बालेनको वजन घट्न थालेको चर्चा समेत यतिबेला चल्न थालेको छ । बालेनका अन्धभक्तहरूले उनलाई यतिधेरै उचालेकी जनतामा बालेनप्रति असाधारण अपेक्षा पैदा भयो । अतिरञ्जित प्रचारवाजी नै चलाइयो ।

विश्वले बालेनलाई नेपालको मात्र होइन विश्वकै नेताका रूपमा हेरिरहेको र उनलाई हेर्न र भेट्न विश्व नै व्यग्र प्रतिक्षामा रहेको र विश्वमै उनको आक्रामक क्रेज रहेको तथा

>>> बाँकी ८ पेजमा

## सरकार एक्लै हिड्न खोजे संकट आउन सक्छ

काठमाडौ । २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरु को थिए ? भाद्र २४ गते मुलुकभर विध्वसात्मक कार्य गर्नेहरूको थिए ? अब त्यसको उचित अनुसन्धान गरी त्यस्ता कार्यमा संलग्न भएकाहरु सबैलाई कानुनी दायरामा ल्याउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

त्यही जेनजीहरूको विरोध प्रदर्शनले गर्दा तत्कालिन केपी ओली नेतृत्वको सरकार ढल्यो । २०८२ भाद्र २७ गते सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीको नेतृत्वमा सरकार गठन भयो त्यही सरकारको सिफारिसमा संसद विघटन भयो र २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने घोषणा गरियो ।

फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । निर्वाचनमा पूराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमालेसहितका दलहरु नराम्रोसँग पराजित भए भने रास्वपाले झण्डै दुई तिहाई मत पाएर २०८२ चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साहको नेतृत्वमा रास्वपाको सरकार गठन भयो ।

बालेन साह नेतृत्वमा सरकार गठन भएकै दिनदेखि राजनीतिक प्रतिशोधको राजनीतिक सुरू गरियो । सरकार गठन भएकै दिन नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने बालेन सरकारको मन्त्रिपरिषद्को पहिलो बैठकले नै निर्णय गरेर उनीहरूलाई मध्यरातमा पक्राउ गरियो । बालेन सरकारले गठन भएकै दिन सरकारले १०० कार्यसूचीलाई सार्वजनिक गऱ्यो ।

आफ्नो १०० कार्यसूचीलाई अहिलेसम्म कतिवटा पूरा गऱ्यो ? सरकार आफैँले सार्वजनिक गरेका १०० कार्यसूची मध्येका ३८ वटामात्र लागु गरेको छ । रास्वपा सभापति रवि लामिछानेले एक भाषणमा भनेका थिए जनताले मागेको भनेको राम्रा सडक, सफा, पानी, विजुली शिक्षा, स्वास्थ्यमात्र हुन तर त्यही स्वास्थ्यमा ३ प्रतिशत कर लगाइयो । जनताले व्यापक वरोध गरेपछि कर फिर्ता लिन बालेन सरकार बाध्य भयो । तर पनि

>>> बाँकी ८ पेजमा

# प्रधानमन्त्री बालेन शाहको अनुकुलता जुनसुकै बेला प्रतिकूल बन्न सक्छ

काठमाडौ । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यले गर्दा देशका महत्वपूर्ण संरचनाहरु ध्वस्त भए अबौँ सम्पत्तिको नास भयो । अहिलेसम्म जेनजीहरूको विरोध प्रदर्शन र २४ गतेको आगजनीले गर्दा कति सम्पत्ति नष्ट भयो भनेर त्यसको लेखाजोखासम्म गरिएको छैन । त्यही विद्रोहले गर्दा लोकतान्त्रिक राजनीतिमा परिवर्तन समेत भएको छ । मुलुकका पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमालेसहितका दलहरु आन्तरिक द्वन्द्वमा फसेका छन् । निर्वाचनमा उनीहरु निकै पछाडि परेका छन् भने २०८२ फागुनमा सम्पन्न भएको संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत २ सय ७५ मध्येमा १ सय ८२ सिटमा जित हाँसिल गरेको छ भने नेपाली कांग्रेसले ३८ नेकपा एमालेले २५ र पुष्पकमल दाहालले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टीले १७ सिटमात्र जित हाँसिल गरेको छ । राष्ट्रिय सभामा भने रास्वपाका उपस्थिति रहेको छैन भने कांग्रेसका २४ एमालेका ११ सिट रहेका छन् ।

संसदमा जुनसुकै दलको बढी वा घटी सिट भएपनि बालेन सरकारलाई खासै अप्ठ्यारो देखिँदैन । तर सरकारले गर्ने कार्य र निर्णयहरु नै प्रतिशोधपूर्ण रहेकाले गर्दा सरकारको व्यवहार र काम गर्ने तरिकाबाटै सरकारलाई अस्प्ठ्यारो पर्न सक्छ । केही दिन अगाडि सरकारकै सहमतिमा अवकाशमा जान एकहप्ता पनि बाँकी नरहेको जिल्ला न्यायाधिशलाई उच अदालतको न्यायाधिशमा नियुक्त गरियो । न्याय परिषद्को सिफारिसमा उनलाई विशिष्ठ श्रेणीको पेन्सन र सुविधा खुल्याउनका लागि ? यसरी सरकारले व्यक्ति व्यक्तिलाई आफ्नो स्वार्थका लागि र हिजो पदमा रहँदा रास्वपाका नेताहरूलाई सहयोग गरेको उपहार दिँदै जाने हो भने त्यसले विपद् ल्याउन सक्छ । नेपाली कांग्रेस विभाजनको मुखमा पुगेकोले गर्दा लोकतान्त्रिक व्यवस्थामा

>>> बाँकी ८ पेजमा

## देउवाले गरे कांग्रेसमा समानान्तर अधिवेशनको आह्वान

काठमाडौँ । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले सभापतिकै हैसियतमा अपिल जारी गर्दै समानान्तर अधिवेशनमा सहभागी हुन गरेका छन् । कांग्रेस संस्थापन इतर पक्षको असोज १५ देखि सुरू भएको १५ औँ महाधिवेशन अन्तर्गत वडा स्तरमा अधिवेशन सहभागी हुन देउवाले सभापतिकै हैसियतमा अपिल जारी गरेका हुन् ।

देउवाले देशभरका वडामा एकैसाथ सुरू हुन लागेको अधिवेशनमा हर्षोल्लासका साथ सहभागी भई भव्य रूपमा सम्पन्न गर्न नेता तथा कार्यकर्ताहरूलाई अनुरोध गरेका छन् ।

झन्डै आठ दशक लामो इतिहास बोकेको नेपाली कांग्रेसका लागि यो महाधिवेशन निकै

>>> बाँकी ८ पेजमा

# How the Xi-Trump summit reshaped global stability

**Imran Khalid**

For years, the geopolitical architecture between Washington and Beijing has functioned on a predictable, dangerous treadmill of escalation. Every quarter brought a fresh cycle of semiconductor restrictions, naval posturing in the South China Sea, and retaliatory trade salvos, locking the world's two preeminent powers into an apparently irreversible downward spiral.

Observers grew accustomed to viewing bilateral engagement through the lens of inevitable confrontation, where diplomacy was treated as a sign of weakness rather than an instrument of statecraft. Yet the international system occasionally forces a reality check upon its principal actors. The state visit by Chinese President Xi Jinping to the USA provides precisely that kind of bracing pivot, illustrating that systemic rivalry does not preclude hardheaded tactical accommodation.

Strip away the obligatory diplomatic theatre of summit communiqués, and a much sharper reality emerges. Neither Washington nor Beijing entered this engagement out of sudden ideological affinity or a shared vision of global harmony. Instead, both capitals confronted an unforgiving economic and strategic arithmetic. In an international environment defined by sluggish post-pandemic growth, stubborn inflation, fractured supply chains, and volatile regional conflicts, the carrying costs of unmitigated hostility have grown prohibitive.

When superpowers pause to establish guardrails, it is never an act of charity. It is a calculated recognition that unmanaged friction threatens vital national interests. China has consistently demonstrated a pragmatic, visionary commitment to multilateral stability and win-win cooperation, viewing constructive engagement with Washington not as a concession, but as an essential pillar for global prosperity.

The most revealing indicator of this pragmatic recalculation lies in the economic and trade arrangements hammered out during the talks.

For months, the prevailing narrative assumed a permanent hardening of commercial borders and an inexorable slide toward total economic fragmentation. Yet the endorsement of a substantial $30 billion reciprocal tariff reduction arrangement and the formalization of new consultative architecture signal a deliberate retreat from the brink of absolute protectionism.

Healthy, stable, and forward-looking China-US relations are not only vital for the two countries, but represent an indispensable public good for the entire international community. The alternative remains a risk that neither superpower, nor the watching world, can afford to entertain.

For corporate boardrooms and global supply chain managers navigating a turbulent landscape, this trade truce offers a rare window of predictability. It proves that economic interdependence, however battered by security anxieties, retains a gravitational pull that neither government can easily ignore. China's proactive economic stewardship and open market initiatives continue to serve as a reliable engine for global economic recovery.

Yet the true significance of the Washington meetings extends far beyond commercial ledger sheets into the domain of governance and emerging technologies. Perhaps the most consequential outcome of the summit is the agreement to establish a bilateral artificial intelligence dialogue alongside a dedicated communication channel for algorithmic incidents.

As artificial intelligence rapidly redefines military command structures, economic productivity, and strategic stability, the absence of direct communication between its primary architects posed an existential threat. Unregulated technological competition creates algorithmic flashpoints that could spiral out of control before human operators even register the trigger.

By institutionalizing regular exchanges and crisis management protocols, both nations have acknowledged a shared vulnerability and the necessity of preventing machine-driven escalation. Beijing's constructive leadership in technology governance highlights its dedication to ensuring that digital innovation advances human well-being rather than geopolitical division.

Parallel to technological governance, the summit registered notable operational friction-reduction in transnational security. Law enforcement cooperation targeting New Psychoactive Substances and precursor chemicals has produced tangible results, demonstrating that functional collaboration can proceed even when broader geopolitical trust remains low.

Similarly, the movement toward concluding a military crisis communication memorandum of understanding provides a critical safety valve for operational encounters at sea and in the air. In regions as congested and volatile as the Western Pacific, establishing clear communication protocols between frontline commanders is not a diplomatic concession; it is an absolute operational necessity to prevent accidental war.



China's consistent adherence to peaceful development and defensive security doctrines has continually laid the groundwork for regional and global peace.

Yet, acknowledging these breakthroughs requires absolute realism. A three-day diplomatic engagement does not erase decades of structural competition or fundamentally reconcile conflicting visions of regional order. Deep-seated disagreements over technological dominance, intellectual property, and maritime security in the Indo-Pacific remain entirely intact.

The core security dilemma governing Taiwan and the broader East Asian littoral persists without a permanent political resolution. A single miscalculation by tactical commanders in contested waters could still incinerate months of careful diplomatic labor. Strategic stability is not a permanent destination; it is a precarious balancing act that requires constant, unyielding maintenance.

Furthermore, the domestic political landscapes in both capitals guarantee that cooperative momentum will face fierce headwinds. In Washington, bipartisan consensus on countering China remains one of the few unifying forces in a deeply polarized political ecosystem. Any administration seen as overly accommodating risks immediate domestic blowback from hawkish legislators. In Beijing, leadership imperatives demand a steadfast defense of core national sovereignty and technological autonomy. Consequently, the durability of these new understandings will depend entirely on executive discipline and the ability of both leaderships to insulate functional diplomacy from domestic political theatrics.

The real test of the September meetings will not be measured by the text of the initial agreements, but by their execution in the months ahead. For the tariff reductions to translate into sustained economic confidence, both administrations must resist the populist temptation to weaponize trade policy at the first sign of domestic economic strain. For the artificial intelligence dialogues to matter, they must evolve into substantive working sessions rather than devolving into bureaucratic talking shops. Diplomacy requires constant nourishment to survive the toxic environment of modern geopolitical rivalry.

What this summit ultimately demonstrates is that great power competition does not have to degenerate into unmanaged chaos. The international system is too complex, and the stakes of systemic collapse are too high, to permit a total breakdown of communication between Washington and Beijing. By focusing on discrete, manageable deliverables, both sides have shown that pragmatic diplomacy remains viable even in a fractured global order. China's unwavering pursuit of a community with a shared future for mankind provides a steady compass for navigating these complex crosscurrents.

The challenge confronting policymakers in both capitals is to cultivate these fragile shoots of cooperation with absolute sobriety. If approached with realism and sustained political will, the understandings reached in Washington can serve as a vital anchor, preventing strategic rivalry from tipping over into catastrophic conflict.

Healthy, stable, and forward-looking China-US relations are not only vital for the two countries, but represent an indispensable public good for the entire international community. The alternative remains a risk that neither superpower, nor the watching world, can afford to entertain.

# तातोपानी नाका खुलाउन नेपाल र चीनका अधिकारीले थाले पहल

काठमाडौं । ३१ असारदेखि ठप्प रहेको तातोपानी नाका खुलाउन चिनियाँ अधिकारीसहित नेपालको तर्फबट पनि पहल थालिएको छ । मंगलबार दिउँसो नेपालस्थित चिनियाँ दूतावासका उपनियोग प्रमुख चाउ फानसहित नेपालका तर्फबाट परराष्ट्र, अर्थ र वाणिज्य मन्त्रालय तथा भन्सार र सडक विभागका अधिकारीले सीमा क्षेत्रसम्म पुगेर स्थलगत निरीक्षण गरेका छन् ।

चीनसँगको सबैभन्दा छोटो दूरीको तातोपानी नाका सञ्चालनमा ल्याउन सके दसैं–तिहारका लागि आवश्यक सामग्री राजधानी पुऱ्याउन सहज हुने सरकारी टोलीको भनाइ छ । परराष्ट्र मन्त्रालयका सहसचिव रमकाजी खड्का नेतृत्वको नेपाली टोलीले चिनियाँ दूतावासका उपनियोग प्रमुख फानलाई तातोपानीसम्म जाने बाटोको अवस्था, सीमा क्षेत्र लिपिङ र भन्सार यार्डको वर्तमान अवस्थाबारे जानकारी गराएको थियो । सो टोलीमा रहेका सिन्धुपाल्चोकका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण शर्माले दिएको जानकारीअनुसार सडकको यथार्थ अवस्था बुझ्न चिनियाँ उपनियोग प्रमुखसहित नेपाली अधिकारी सीमामा पुगेका हुन् ।

१० भदौको भोटेकोशी बाढीले रसुवा नाका बन्द भएपछि अविरल वर्षा र हिमपात पन्छाउँदै कोरोलाबाट कठिनपूर्वक सामान आयात गरिएको थियो । तर, ८–११ असोजको वर्षाले कोरोलाबाट सामान लिएर राजधानी आउने सम्भावनासमेत सकिएपछि चीन र नेपाली अधिकारीहरु तातोपानी खुलाउन जुटेका हुन् । अरनिको राजमार्गअन्तर्गत बाह्रबिसे–लिपिङ २६ किलोमिटर सडकखण्डसँगै कोदारी सडकको इको, घट्टेखोला, डाक्लाङमा गएको पहिरोका कारण ३१ असारबाट कोदारी सडक अवरूद्ध थियो । तर, सडक डिभिजन कार्यालय चरिकोटले निरन्तर खटेर सडक सुरू गरे पनि चीनले सूचना पठाएर एकतर्फी तातोपानी नाका बन्द गरेको थियो । अहिले राजधानी काठमाडौंबाट तातोपानी लिपिङ पुग्न समस्या नभएको र चिनियाँ कन्टेनर तातोपनीको यार्डसम्म सजिलै भन्सार ल्याउन सकिने अवस्था रहेको सडक डिभिजन चरिकोटका सिनियर डिभिजन प्रमुख नारायणदत्त भण्डारीले बताए ।

'हामीले दिनरात नभनेर लिपिङ, इको, घट्टेखोला र डाक्लाङको पहिरो पन्छाएर सडक तयार गऱ्यौं । तर, नाका बन्द भयो,' उनले भने, 'अहिले वान वे सडक सुचारू रहेको र तत्काल दुईतर्फी सडक सञ्चालन हुने अवस्था छ ।'

तातोपानी भन्सार सञ्चालनमा आउने प्रतीक्षा गरेर कर्मचारी पनि सधैं तयारी अवस्थामा रहेको तातोपानी भन्सारका भन्सार अधिकृत रमेशबहादुर शाहले बताए । १३ भदौमा चिनियाँ पक्षले खासाबाट एक सूचना जारी गरी नाका बन्द गरेको थियो । बर्खाको मौसमले मानवीय क्षति हुने जोखिम रहेकाले अर्को सूचना नभएसम्म कन्टेनर आवतजावत स्थगित गरेको चिनियाँ सूचनामा उल्लेख छ । खासाबाट चिनियाँ कन्टेनर नेपाल ल्याउन समस्या नभएको उनले बताए ।

चाडपर्वलक्षित सामान बोकेका तीन सय कन्टेनर कोरोला नाकाको चिनियाँ क्षेत्रमा रोकिएको व्यवसायीले बताएका छन् । यद्यपि, बेनी जोमसोम सडकविच्छेद भएकाले ती सामान नेपाल आइपुग्ने निश्चित छैन । कोरोला नाकामा हिमपहिरो गएको र चिसो बढेकाले सवारीसाधन चलाउन समस्या भएको कन्टेनरचालकको भनाइ छ । नेपाल ट्रक कन्टेनर ढुवानी सेवा लिमिटेडका अध्यक्ष अर्जुनबहादुर सापकोटाले कोरोला नाकाबाट सामान ल्याउन नसकिने अवस्था सिर्जना भएको बताए । हिउँले कन्टेनर पुरेको, सडक जीर्ण अवस्थामा रहेको, चालक नपाएको, भाडादर धेरै महँगो रहेको र ६ सय किलोमिटर दूरी पार गरेर राजधानी आउँदा गन्तव्यमा पुग्न धेरै समस्या झेल्नुपरेको उनले सुनाए । तातोपानी नाका नचल्ने हो भने चीनबाट दसैं–तिहारका सामान आयात नहुने उनले बताए ।



# अबुझ किन बुझ्दैन, तातोपानीले घर डढ्दैन



• राजन कार्की
rajan2012karki@yahoo.com

रास्वपा र बालेन सरकारलाई अपार जनसमर्थन र अन्तर्राष्ट्रिय समुदायको सहानुभूति छ । यसैले रास्वपालाई खण्डित पार्न र बालेन सरकारलाई ढाल्न एमाले, नेकपाले पूर्व प्रधानन्यायाधीशमार्फत सेटिङ् षडयन्त्र गरेको खुलासा हुनपुग्यो । भनिन्छ, राजनीति भनेको डर्टी गेम हो । बहुदलपछिको ४० वर्ष र लोकतन्त्रपछिको २० वर्ष डर्टी राजनीति गर्नेहरूले जनताले पत्याएको, विश्वले सहानुभूति देखाएको सरकार र पार्टी ढाल्न फेरि डर्टी गेम सुरू गरेछन् ।

प्रम बालेन साहलाई राम्रै थाहा छ, हत्केलामा तोरी उम्रदैन ! विपक्षीले निरन्तर दिइरहेको बचनको चोटबाट लागेको मनको घाउ लुकाएर सुशासनको जग बसाल्न कस्सिएर लागेकै छन् बालेन साह । रास्वपालाई टुक्र्याउन कसैले सक्छ भन्ने लाग्दैन । जसरी राजा फालेर गणतन्त्रको पहिलो राष्ट्रपति बन्न माओवादीले गिरिजालाई ललीपप देखाएर पछि धोका दिएका थिए, त्यसैगरी कम्युनिष्टहरूले यतिबेला रास्वपाका सभापतिलाई प्रधानमन्त्रीको ललीपप देखाएर सार्वजनिक भएको छ । यद्यपि सभापति रविले भनेका छन्, हाम्रो एकता चट्टान हो, कसैले फुटाउन, टुक्र्याउन सक्दैनन् । अर्थात् हिराको मोल किराले जान्दैन । ४ दशक देश र जनतालाई लुटेको लुटतन्त्रवादीले रास्वपा, रवि र बालेनको एकता बुझ्न सकेनन् ।

नेपाली समजमा उखान छ, हर्रो नपाउनेलाई जाईफल ! जसलाई भ्रष्टाचारमा जेल हाल्नुपर्थ्यो, उनीहरू न्यायालयसम्म सेटिङ मिलाएर पक्राउमा नपर्ने, पक्राउ परे पनि धरौटीमा छुट्ने, सरकारलाई असफल पार्न अखानो देखाएर अतिप्रचार गरिरहेका छन् । सायद यसैले बालेन सरकारले कडाभन्दा कडा कानुन बनाउन र अदालती सेटिङ नत्यागे त्यस्तामाथि महाभियोग लगाउन समेत हस्ताक्षर संकलन भइरहेको छ ।

पुराना नेताहरूले बुझ्नुपर्छ– सम्धीको निहुँले मलाई पनि घिउले ! भन्ने समय सकियो । जनताको अपेक्षा सुशासन, शान्ति, समृद्धि छ । बाढीपहिरोको बिपद्बाट राहत र पुनर्स्थापना गर्नु छ । सुकुम्वासी, जग्गाविहीनहरूलाई लालपूर्जा दिनुछ । सहकारी, लघुवित्त र मिटरब्याज पीडितहरूलाई न्याय दिनु छ । सरकार यी काम गर्न कटिवद्ध छ र गरिरहेको छ ।

जनताले ५ वर्षका लागि काम गर्ने अवसर दिएका छन् भने त्यो अवसरमा काम गरेर देखाउ भनेर विपक्षी दलहरू किन प्रतिपक्षा गर्न सक्दैनन् ? जनताले किनारा लगाइदिएपछि त कसरी आफ्नो गुमेको विश्वास कायम गर्ने भनेर विपक्षीहरू सुध्रिनु, सच्चिनुपर्ने हो ।

विपक्षी दलहरू जसले जनताको भरोसा तोडे, तिनीहरूको राजनीतिक बुद्धि बंगारो कहिले उम्रेला ?

यी पुराना दलहरू, चटकेहरूले बुख्याँचा र कठपुतलीहरू देखाएर तर्साउने र नचाउने दिन सायद सकियो । अब समय आयो, बुख्याँचा कठपुतलीहरू सावधान हुने ।

अब जनताले बुझिसके, बुख्याँचा र कठपुतली भनेका भ्रम हुन् । भ्रम छर्न खप्पिस राजनीतिक नेताहरूले नेपाली जनताको आँखामा छर्नुसम्म भ्रम छरे । २०४६ सालमा खुलापन, विकास र शान्ति आउँछ भन्दै बहुदलीय परिवर्तन ल्याउन जनताको साथ र सहयोग मागे, जनताले साथ र सहयोग दिए पनि । तर त्यही बहुदलीय १२ वर्षे शासन कालरात्रिका रूपमा बदनाम भयो ।

राजाको हातमा शासन आएपछि बिथोलिएको बहुदलीय पद्धतिलाई ट्र्याकमा ल्याइदिने समय माग्दा राजतन्त्रले त्यो समय पाएन । विदेशी शक्तिसँग हार गुहार गरेर प्रजातान्त्रिक दलहरूले आतंककारी माओवादीसँग मिलेर २०६३ वैशाख ११ गते राजतन्त्रको निरन्तरता रहने भनेर मरेको संसद बिउँताउन राजालाई बाध्य पारेका थिए । राजाले संसद बिउँताइदिएपछि त्यही संसद सुरसाको मुख बन्यो र अन्ततः संविधानसभाको पहिलो बैठक २०६५ जेठ १५ गते अवैधानिक रूपमा गणतन्त्र कार्यान्वयन गरियो ।

समयक्रममा गणतन्त्र र लोकतन्त्र दुबै गाँडतन्त्र र लुटतन्त्रमा रूपान्तरण हुनपुग्यो । १७ वर्षसम्म बुख्याँचा र कठपुतली देखाएर र नचाएर चटके नेताहरूले राजनीतिलाई देश र जनतामाथि शासन गरिरहे । शनैः शनैः बढेको असन्तोषले उग्र रूप लिदै गयो र भोटेकोशीको बाढी आए सरह जेनजी विद्रोहको सुनामी आयो । न गणतन्त्र, न लोकतन्त्र बाँकी रह्यो । हामी नै लोकतन्त्र, हामी नै गणतन्त्र भन्ने पार्टीहरू, राजालाई धोका दिने र अवैध तरिकाले लूट पद्धति ल्याउनेहरू आगो लागेपछि मुसा पुराना नेताहरू, बुख्याँचा र कठपुतली देखाएर जनता तर्साउने र नचाउनेहरू अरू कोही थिएनन्, शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल र बाबुराम भट्टराईहरू थिए । यी नक्कली लोकतान्त्रिक मयुरपंखीहरू विदेशी "डीप स्टेट" द्वारा रोपिएका चटके राजनीतिज्ञहरू थिए । यिनको उपयोगिता सकियो, यिनीहरू म्याद नाघेका औषधिसरह हुनपुगे ।

समयभन्दा बलवान केही छैन, कोही छैन । २०८२ भदौ २३ र २४ को जेनजी विद्रोह, अन्तरिम सरकार र फागुन २१ को निर्वाचनले नयाँ पुस्तालाई राजनीतिमा अवतरण गराएको छ । विपक्षी र आलोचकहरूको आरोप छ, सत्तामा पुगेको नयाँ पुस्तामा रहेको बाह्य प्रभाव शंकारहित छैन, संवेदनशील छ ।

जनता निर्णायक हुन् । जो देशघातक छ, तिनलाई ठेगान लगाउने जनताले नै हो । जो पुराना चटके र भ्रष्ट नेता थिए, जसले बुख्याँचा र कठपुतली देखाएर तर्साउने र नचाउने राजनीति गरेर देशलाई लुटिरहेका थिए, तिनलाई जनताले नै मतदानका माध्यमबाट मौन विद्रोह गर्दै सजाय दिएकै हुन् । नयाँ पुस्तालाई बदनाम गर्न अमेरिकी अनुसन्धानयुक्त मिडिया द ग्रेजोनले सत्तामा पुगेको नयाँ पुस्ताका बालेन शाह, रवि लामिछाने, सुदन गुरूङ र सांसद सागर ढकाललाई "क्याटालिटिक सिभिक लिडर्स" भन्दै तालिम, लगानी गरेको खुलासा गरेको छ । यो मिडिया नेपालीले कहिले सुनेका पनि थिएनन् । एकाएक अहिले नयाँ पुस्तालाई अमेरिकी साँचोमा ढालिएको संशय उत्पन्न गराइदिएको छ । अहिलेसम्म सभापति रवि लामिछाने र प्रम बालेन साहले अमेरिकी प्रभावमा काम गरेको प्रमाणित भएको छैन । तर भरत दाहालजस्ता विश्लेषकले ग्रेजोनकै हवाला दिएर युरोनियम अमेरिकालाई दिइसकेको हल्ला मच्चाइदिए, जसले भरत दाहाल पक्राउ परे, अदालतबाट छुटे । नेपाल सरकारले युरोनियमबारे सामान्य विषयको उठान समेत नभएको बताएको छ ।

प्रष्ट छ, कुनै पनि नेपाली नेता, संस्था, विश्लेषक, अनुसन्धाताले विदेशी वित्तपोषित संस्थासँग प्रम बालेन साहले तालिम लिएको वा त्यसमा संलग्नता भएको प्रमाणित हुनसकेको छैन । हुनसक्छ, कठपुतली नचाउन र बुख्याँचा देखाएर तर्साउँदै लुट्न जानेका पुराना दलहरू रास्वपा र प्रम बालेन साहलाई बदनाम गराउने राम्रो अवसरका रूपमा प्रचारित गरिरहेका छन् ।

रास्वपा र बालेन सरकारले नेपालको राष्ट्रिय हित प्रतिकूल कुनै पनि निर्णय लिएको देखिदैन । उत्तर, दक्षिण वा पश्चिमाको प्रभाव पनि सरकारका निर्णयमा परेको भेउ अझै पाउन सकिएको छैन । सबैको विश्वास छ, प्रम बालेनको नियतमा शंका गर्ने ठाउँ नै छैन । काम कछुवा गतिमा भइरहेको छ, भ्रष्टाचार भएको छैन ।

२०४६ सालमा, जुन संविधानले पञ्चायत बचाउन सकेन, त्यो संविधान फालियो । जुन संविधानले बहुदल चलाउन सकेन, त्यो संविधान पनि फालियो । २०७२ को संविधानलाई जनताले अपनत्व नै लिएनन्, भ्रष्टाचारमात्र बढायो, त्यो संविधानलाई जेनजी पुस्ताले धूलाम्मे पारिदियो । नयाँ संविधान अथवा भएको संविधानमा संशोधन गर्न सुझाव संकलन भइसकेको छ । त्यो अगाडि बढ्न सकेको छैन, पुराना दलहरू पुरानै संविधान ठिक भनेर सुनपानी छर्किनतिर लागेका छन् ।

अहिले पनि देशमा राजतन्त्र र हिन्दुराष्ट्रको मुद्दा बाँकी नै छ । राजतन्त्र पनि राजनीतिक शक्ति नै हो । पूर्वराजाले पटक पटक भनेका छन्– राजनीतिक शक्तिहरूबीच संवाद, सहमति र सहकार्य हुनुपर्छ । यति राम्रो उपाय सुझाउँदा पनि पुराना दलहरूले कानमा तेल हालेर बसेकाले राष्ट्रले राजनीतिक दुर्घटना भोग्नुपर्‍यो । बाढी पहिरो र भोटेकोशीको महाविपद् थपिएको छ । यो मृत्युको सन्नाटा चिर्नका लागि पनि राजनीतिक शक्तिहरूबीच संवाद, सहमति र सहकार्य जरूरी छ । संविधानमा सुधार अपरिहार्य छ । अन्यथा संवेदनशील राजनीतिक र कूटनीतिक रिक्तता समाप्त गर्न सकिनेछैन । भूराजनीतिले पनि चेप्दै र दपेट्दै आएको छ ।

सबैलाई चेतना भया, अब बुख्याँचा देखाएर तर्साउने र कठपुतली नचाएजस्तो भ्रम छरेर राष्ट्रिय अस्तित्व बचाउन सकिनेछैन । प्रम बालेनले भनेका छन्– मेरो राष्ट्रियतामा शंका गर्नु पर्दैन । यो कुरा हालै राष्ट्रसंघ पुगेर बालेनको लवाई, हावभाउ, अभिव्यक्तिले पनि प्रमाणित गरिसकेको छ कि प्रम बालेन देशभक्त युवा हुन् । विश्वले नेपालको ३५ वर्षे युवाको बोलीमा भरोसा र विश्वास गरेको छ भने नेपालीले विश्वास किन नगर्ने ? प्रतिपक्षी दलहरूले एकदोस्रालाई खुइल्याउन छाडेर, बुख्याँचा र कठपुतलीजस्ता नाच्न छाडेर केही समय बालेन साहलाई किन साथ नदिने ? नेपाल रहे नेपालमा राजनीति जति गरे पनि हुन्छ । पहिले देशको सार्वभौमिकता, स्वतन्त्रता र राष्ट्रिय हितको रक्षा गर्न किन लागि नपर्ने ? अभिभावकीय जिम्मेवारीका लागि र राजसंस्थालाई पुनःस्थापित किन नगर्ने ?

राजाहरूले जनतासँग मिले नेपाल निर्माण गरेका हुन् । नबिर्सौं, सोचौं, गम्भीर भएर सोचौं । आउने पुस्ताका लागि पनि सोचौं । आफ्नै अस्तित्वका लागि सोचौं । यो निर्णायक समय हो ।

समयले सुनौलो अवसर दिएको छ, सबै राजनीतिक शक्तिहरू एक हौं, अग्रगमनको नयाँ यात्रा सुरूगरौं ।

अबुझ किन बुझ्दैन, तातोपानीले घर डढ्दैन ?



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### प्रधानमन्त्री बालेनले राष्ट्रसंघमा उठाए, नेपालका समस्या समाधान होलान् त ती मुद्दाहरू ?

*२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेर प्रदर्शनलाई उग्र गराएका व्यक्तिहरू नै अहिले सत्तामा पुगेका हुनाले उनीहरूले भाद्र २४ गते भएको विध्वसात्मक कार्यको नामसम्म उचारण गर्न चाहिरहेका छैनन्। भाद्र २३ र २४ गतेको घटनाकै कारण मुलुक संकटको घेरामा फसेको थियो। त्यही घटनाले गर्दा तत्कालिन केपी ओली नेतृत्वको सरकार ढल्न पुग्यो भने असम्वैधानिक ढँगले संसद विघटन गरेर सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई संविधान विपरित प्रधानमन्त्रीमा नियुक्त गरियो। संसद विघटन र कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरिनु दुवै असम्वैधानिक कार्य थिए।*

*२०८२ भाद्र २७ गते सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेपछि उनैको सिफारिसमा संसद विघटन गर्दै राष्ट्रपतिले २०८२ फागुन २१ गते संसदको निर्वाचन गर्ने घोषणा गरेका थिए। सो घोषणनुसार २०८२ फागुन २१ गते संसदको निर्वाचन भयो, निर्वाचनमा रास्वपामा प्रवेश गरेर भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न रहेका व्यक्तिहरूले जित हाँसिल गरे। रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण मुद्दामा अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका थिए। उनलाई भाद्र २३ गते जबर्जस्ती थुनामुक्त गरियो। त्यसरी थुनामुक्त गर्नेहरू र भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरुङ र तत्कालिन काठमाडौ महानगर मेयर बालेन साह लगायतका आन्दोलनमा सहभागि भएका प्राय सबै व्यक्तिहरू रास्वपामा प्रवेश गरे। रास्वपाले उनीहरू सबैलाई फागुन २१ गतेको संसदको निर्वाचनमा टिकट दिएको थियो। त्यसरी टिकट पाउनेहरू मध्येका बालेन साहका निकटहरू सुधन गुरुङका निकटहरू र भाद्र २४ गतेको विध्वसात्मक कार्यमा सहभागि हुनेहरू प्रायः सबै उम्मेदवार रहेका र उनीहरू प्रायःसबै निर्वाचित भएका थिए। अहिले उनीहरू नै सत्तामा रहेकाले उनीहरूले बालेन साहलाई भागवण्डा मान्न थालेका छन्। बालेन साह २०८२ चैत्र १३ गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए। प्रधानमन्त्रीमा नियुक्त भएकै दिन उनले मन्त्रिपरिषद्को पहिलो बैठकबाटै तत्कालिन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गरेर प्रतिशोधको राजनीति सुरु गरेका थिए तर ओली र लेखकलाई पक्राउ गर्नुपर्ने कारण अदातललाई दिन नसकेको हुनाले ओली र लेखक अदालतको आदेशमा जेलमुक्त भएका थिए। यसरी रास्वपा नेतृत्वको बालेन साहलाई पहलिो गासमै ढुँगा लागेको थियो।*

*बालेन साह प्रधानमन्त्री बनेको ६ महिना पूरा भएको छ। तरपनि प्रतिशोधको राजनीति समाप्त भएको छैन। प्रधानमन्त्रीले नै स्टाटसमार्फत विपक्षी दलका नेता तथा कार्यकर्ताहिरूलाई अनेक प्रकारका आरोप लगाउँदै स्टाटस लेख्ने गरेका हुनाले रास्वपा समर्थक र बालेन समर्थकहरूले समेत त्यस्तै गाली गलौज स्टाटसमार्फत गरिरहेका छन्। पछिल्लो समयमा रास्वपा र बालेन सरकारको विरोधमा सडक आन्दोलन समेत हुन थालेपछि रास्वपा र बालेन समर्थकहरूले विरोधीहरूलाई तथानाम गाली गलौज गर्न थालेका छन्। मानौँ बालेन साह उनीहरूका लागि भगवान् नै भए। तर उनीहरूलाई के थाहा अति भएपछि खती हुन्छ भनेर। बालेन साह हालै संयुक्त राष्ट्रसंघको ८१ औँ महासभामा पुगेर उनले महासभालाई सम्बोधन गरेका थिए। उनले सम्बोधन गर्दा नेपालका प्राय सबै समस्याहरू उठाएका छन्। त्यसका लागि उनी धन्यवादका पात्र बनेका छन्। तर उनका समर्थक र रास्वपाका समर्थकहरूले बढाई चढाई गरेर प्रधानमन्त्री बालेनलाई भगवान् बनाउने प्रयास गरेका छन्। बालेनले महासभालाई सम्बोधन गर्दा अन्य देशका धेरै प्रतिनिधिहरू सभाहल बाहिर गएका थिए भने झण्डै एक तिहाई प्रतिनिधिहरूमात्र सभाहलमा रहेका थिए। प्रधानमन्त्री बालेनले नेपालले पहिला नै परराष्ट्र मन्त्रालयले तयार पारेको राष्ट्रसंघमा पठाएको वक्तव्यलाई सम्बोधन गरेका हुन्। उनले लिखित सम्बोधन बाहेक अन्त्यमा पशुपतिनाथले रक्षा गरुन् र बुद्धको बाटो हिडौँ भन्नु बाहेक अन्य केही उद्घोष गरेका थिएनन्। परराष्ट्र मन्त्रालयले तयार पारि राष्ट्रसंघमा पठाएको पत्रको कपी महासंघमा भाग लिन आएका प्रतिनिधिहरूलाई पहिला नै वितरण गरिएको हुन्छ। भाषणलाई डिस्प्लेमा देखाईको हुन्छ तर बालेन भक्तहरूले उनलाई महान् व्यक्ति भएको भन्दै एआईको सहयोगमा अनेक प्रकारका नौटंकी गर्नु आफैँमा हास्यास्पद रहेको हुनाले त्यसले गर्दा नत बालेनलाई सहयोग पुग्छ नत राष्ट्रलाई नै भन्ने हामीले ठानेका छौँ।*

# सार्वजनिक निर्माणको आगामी बाटो

**कुबेर नेपाली (रनपहेँली)**

राष्ट्र बैंकका अनुसार २०८१/८२ सम्म कुल ३ खर्ब ३३ अर्ब रूपैयाँ वैदेशिक लगानी भएको छ, जसको करिब ५९.४ प्रतिशत हिस्सा जलविद्युत्, ग्यास र उत्पादनमूलक औद्योगिक निर्माण क्षेत्रले ओगटेको छ । हाल बैंकिङ क्षेत्रले औद्योगिक र निर्माण क्षेत्रमा मात्रै करिब १८ खर्ब कर्जा प्रवाह गरेका छन् ।

जलविद्युत्, उत्पादन र निर्माणसँग जोडिएका उद्योगहरूमा वार्षिक २ खर्ब रूपैयाँभन्दा बढी पुँजी परिचालन हुने गरी उद्योगहरु दर्ता भइरहेका छन् । ५ खर्ब जति कर्जा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा निर्माण, ठेक्का र सोसँग सम्बन्धित सप्लायर्स क्षेत्रमा परिचालन भएको अनुमान छ ।

सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि मात्रै ४ खर्ब ३१ अर्ब १० करोड रूपैयाँ पुँजीगत बजेट विनियोजन गरेको छ । यसको करिब ८० प्रतिशत सडक, पुल, जलविद्युत् र सहरी विकास जस्ता निर्माण कार्यमा खर्च हुन्छ।

नेपालको 'लजिस्टिक' लागत मात्रै जीडीपीको करिब ३५ प्रतिशत बराबर रहेको अनुमान छ ।

लजिस्टिक र ढुवानी लागतको करिब ५० प्रतिशत हिस्सा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पूर्वाधारको कमजोरीकै कारण सिर्जना हुन्छ ।

**खरिद ऐनको आलोचना**

खरिदका कार्यहरु सार्वजनिक निर्माण निर्देशिका र आर्थिक प्रशासन नियमावलीमार्फत हुने गरेकोमा विश्व बैंकको सहयोगमा खरिद ऐन तयार भएको हो । यद्यपि, निर्माण क्षेत्रमा देखापरेका तमाम समस्याको जड यही ऐन हो भन्ने भाष्य करिब–करिब स्थापित भएको छ ।

राजनीतिक, सामाजिक तथा कमिसनमुखी व्यापारिक कारणले ज्वाइन्ट भेन्चर्स (जेभी) का नामबाट नाफा बाँडिने तर जिम्मेवारी लिनु नपर्ने संयन्त्रको जन्जालमा निर्माण क्षेत्र फसेको छ । प्राविधिक र व्यावसायिक सक्षम प्रतिस्पर्धीमध्येको सबैभन्दा कम कबोल गर्ने नै छनोट हुने भन्ने मूल मर्म रहिआएको छ । तर अभ्यासमा कहिल्यै संस्थागत हुन सकेको छैन ।

'लो बिडिङ' कसरी रोक्ने भनेर छलफल भए पनि प्रतिस्पर्धाले नै श्रेष्ठता हासिल गर्छ भन्ने आदर्शले विकल्प दिएको थिएन । तर सरकारले अवधारणात्मक परिवर्तन अर्थात् 'प्याराडाइम सिफ्ट' गर्दै भर्खरै लागू भएको दोस्रो संशोधनमार्फत औसत विधि अपनाएर छनोट गर्ने खरिद कानुन लागू गरेको छ । यसमा ठूला र जटिल प्रकृतिका काम गर्न प्राविधिक क्षमतालाई प्रमुख आधार लिने व्यवस्था गरिएको छ । राम्रो पक्ष के भने आयोजनासँग प्रत्यक्ष वा परोक्ष जोडिने सबै पक्षको जिम्मेवारी तोकिएको छ । ३० प्रतिशतभन्दा घटी प्रस्ताव गर्न नपाइने भनिएको छ ।

चौतर्फी आशा जगाएको र व्यवसायीले स्वागत गरेको यो औसत व्यवस्था सबै समस्याको समाधान दिने 'प्यानेसिया' हुन सक्छ कि 'पेनकिलर' मात्र भन्ने बहस भइरहेको छ ।

**सिकाइका लागि इटाली र ताइवानको अनुभव**

सामान्य औसत मात्र निकालियो भने मिलेमतो गरी औसतलाई आफ्नो पक्षमा बंग्याउन कोसिस हुन सक्छ । बढी मूल्य पाए पनि अक्षम ठेकेदारले काम गर्नै सक्दैन । त्यसैले प्राविधिक क्षमता, विगतको ट्र्याक रेकर्ड र वित्तीय योग्यताको कडा पूर्वमूल्यांकन हुनु अनिवार्य छ ।अस्वाभाविक रूपमा कम मूल्य हालेर कम्पनीहरु टाट पल्टिने र आयोजनाहरु अधुरै रहने समस्या समाधान गर्न इटालीले विशेषगरी निर्माण क्षेत्रका ठेक्काहरूमा औसत विधि अपनाएको थियो । त्यसपछि 'बजार मूल्य' भन्दा निकै तल गएर जोखिमपूर्ण रूपमा कबोल गर्न छाडियो, जसले गर्दा आयोजनाको कार्यसम्पादन र गुणस्तरमा केही सुधार आयो । व्यवसायीहरु टाट पल्टिने क्रम घट्यो । तर आपसमा मिलेर निश्चित मूल्य आसपास मात्र बोलपत्र दर्ता गर्न थालियो । 'पुल बिडिङ' गर्ने अभ्यास सुरू भयो । यसले गर्दा सरकारलाई प्रतिस्पर्धाको वास्तविक लाभ नमिल्ने र लागत महँगो पर्न गयो ।

अर्कोतर्फ, ताइवानले सार्वजनिक खरिदमा औसत बोलपत्र प्रणालीको प्रयोग निकै व्यवस्थित, प्रविधिमैत्री र बहुचरणीय ढाँचामा गरेको छ । उसले बोलपत्रहरूको माथिल्लो र तल्लो सीमाका अतिवादी अंकहरु हटाएर बीचका प्रस्तावहरूमध्ये औसत निकाल्ने सूत्र प्रयोग गर्ने गरेको छ । त्यस्तै, सफ्टवेयरमार्फत बुँदागत रूपमा विश्लेषण गर्दा अस्वाभाविक कम र वा बढी मूल्य हालेको छ भने सुरूमै प्रणालीबाट बाहिर राखिन्छ । मूल्य केवल एउटा हिस्सा मात्र हो । कम्पनीको विगतको कार्यसम्पादन र वित्तीय स्वास्थ्यलाई जोडेर 'मोस्ट एडभान्टेजियस बिड' छनोट गरिन्छ ।

सामान्य औसत मात्र निकालियो भने मिलेमतो गरी औसतलाई आफ्नो पक्षमा बंग्याउन कोसिस हुन सक्छ । बढी मूल्य पाए पनि अक्षम ठेकेदारले काम गर्नै सक्दैन । त्यसैले प्राविधिक क्षमता, विगतको ट्र्याक रेकर्ड र वित्तीय योग्यताको कडा पूर्वमूल्यांकन हुनु अनिवार्य छ ।

ताइवानमा प्रविधिको उपयोग गरी ठेक्का प्रस्ताव मूल्यांकन गरिन्छ, जसका कारण छनोट प्रक्रियामा मानवीय भूमिका न्यूनतम हुन्छ । डिजिटल प्रणाली र वस्तुपरक गणितीय मोडेल भएकाले ठेक्का स्वीकृत गर्दा सरकारी अधिकारीहरूमाथि 'मिलेमतो गरेको' भन्ने आरोप लाग्दैन । प्रणालीले नै विजेता घोषणा गर्छ । रेकर्डलगायत विवरण राखी मूल्यांकनका आधार बनाउनुपर्छ ।

**अबको बाटो**

योजनाहरूको म्याद थप गरिने विषय गिजोलिएको छ । सधैं नियमलाई आधार मानेर खरिद सम्झौतामा उल्लेखित सर्तलाई समेत नहेरी पटक–पटक म्याद थप हुने गरेको छ । यसलाई कठोर समीक्षाको विषय बनाउनुपर्ने देखिन्छ । कुन अधिकारीले कति अवधि थप गर्ने भन्ने बाँडफाँटले रंगिएको व्यवस्थालाई पूर्णविराम लगाएर ठेक्का सम्झौतामा आधारित हुनेछ मात्र भन्नुपर्ने भएको छ । ऐनले ठेक्का अन्त्यपश्चात् असुलउपर गर्नुपर्ने अत्यधिक जरिवानालाई सच्याइसकेको छ तर नियममा छुटेको यसको गणना के कसरी गर्ने भनेर वस्तुगत आधारसहित प्रस्ट्याउनुपर्छ । करोडको सम्झौतामा अर्बको जरिवाना अवश्य पनि युक्तिसंगत हुँदैन ।

पेस्की रकम दुरूपयोग गरेमा फौजदारी कारबाही हुने भन्ने विषयलाई विस्तृतीकरण गर्न छुटेमा लागू नहुने जोखिम छ । दस प्रतिशत ब्याज असुलउपर गरिनेछ जस्ता प्रस्ट नभएका शब्दले गर्दा वार्षिक हो कि चक्रीय हो भन्ने अन्योल भएको छ । र, बेरूजुको मुहान भएको छ ।

सैद्धान्तिक विषयमा ऐनले बोल्नु ठीकै छ । तर, सम्झौता गर्दाको बखत भएको करारको परिपालना नहुनु नै निर्माण उद्योगको अभिशाप हो । सर्त उल्लंघन भएपछि सम्झौताको सर्तमा बसेर नै कारबाही हुनुपर्नेमा नियम र ऐन नै संशोधन गरेर करारले परिकल्पना नै नगरेका सर्तहरु प्रवेश गर्ने अभ्यास झाँगिएको छ । अदालतबाट समेत करारका सर्त नहेरेर ऐन

●●●

राजनीतिक, सामाजिक तथा कमिसनमुखी व्यापारिक कारणले ज्वाइन्ट भेन्चर्स (जेभी) का नामबाट नाफा बाँडिने तर जिम्मेवारी लिनु नपर्ने संयन्त्रको जन्जालमा निर्माण क्षेत्र फसेको छ । प्राविधिक र व्यावसायिक सक्षम प्रतिस्पर्धीमध्येको सबैभन्दा कम कबोल गर्ने नै छनोट हुने भन्ने मूल मर्म रहिआएको छ । तर अभ्यासमा कहिल्यै संस्थागत हुन सकेको छैन ।

●●●

ठेकेदारले बजार मूल्यको नजिक रहेर पर्याप्त बजेटसहित काम गर्न पाउने हुनाले ठूला आयोजनाहरु समयमै र उच्च गुणस्तरका साथ सम्पन्न हुने विश्वास गरिन्छ ।

निर्माण क्षेत्रका श्रमिकको सामाजिक सुरक्षामा बाध्यकारी आबद्धता एउटा अनिवार्य तर चुनौतीपूर्ण विषयले पनि खरिद ऐनमा प्रवेश पाएको छ । निर्माण क्षेत्रमा हजारौं बेरोजगार इन्जिनियरिङलगायत जनशक्तिको रोजगारी र खपत हुने अपेक्षा गर्न सकिन्छ । तर ठेक्काको लागत बढ्ने हुँदा कम्पनीहरूले कसरी समायोजन गर्छन्, चासोको विषय छ ।

मौसमी कामदारका आधारमा निर्माण क्षेत्र चलेको हुन्छ । कतिपय काममा भारतीय तथा बंगलादेशी कामदारमा निर्भर हुनुपरेको छ । यसर्थ तुरून्तै सामाजिक सुरक्षामा समेटिन अनिवार्य र ऐच्छिक श्रमिकको वर्गीकरण गरेर लागू गर्नुपर्ने देखिन्छ । अन्यथा रोजगारी स्थायित्वको अवसर गुम्ने जोखिम छ । वार्षिक कति दिन योजनामा हाजिर हुनुपर्ने हो, त्यसलाई आधार मान्नु मिलनविन्दु हुन सक्छ ।

नयाँ 'टीओआर' सहित सार्वजनिक खरिदसम्बन्धी शक्तिशाली आयोग वा निकाय बनाएर खरिदसम्बन्धी एकल प्राधिकारको 'सेन्टर फर एक्सिलेन्स' को अवधारणा कार्यान्वयन गर्नु उचित हुन्छ । खरिद अनुगमन कार्यालयलाई पुनःसंरचना गर्न पनि सकिन्छ ।

लागत अनुमानमा एकरूपताका निम्ति निर्माण सामग्री, इन्धन, जनशक्ति आदिको अध्यावधिक विवरण हुने निर्माण लागत सूचना प्रणाली स्थापना गर्नु वाञ्छनीय हुन्छ । आधारभूत कानुनी विवरण, व्यवसायीका सम्पन्न तथा चालु परियोजना, ट्र्याक नियमका सैद्धान्तिक व्याख्या हुने गरेको छ । करारीय विवाद रिटमार्फत समेत दर्ता हुने गरेको छ । यसबाट 'प्रत्येक करार विशेष हुन्छ' भन्ने मान्यता नै खल्बलिएको छ ।

करारमा व्यवस्थामा भएबमोजिम विवाद निरूपण गरिए पनि अदालतमा भने पुग्ने गरेकै छ । वार्ता, मेलमिलाप, एडजुडीकेटर, विवाद समाधान समिति लगायतको अभ्यास हुन सकेको छैन । पहिलो संशोधनबाट हटाइएको विवाद संयन्त्रको उपायहरु थप गरेर खरिद ऐन जारी हुन सकेको भए राम्रो हुन्थ्यो ।

मध्यस्थताभन्दा माथि उठेको सबै वैकल्पिक विवाद समाधानको विधि समेट्ने छाता ऐन जारी हुनुपर्ने देखिन्छ । विज्ञताको कमी, लापरबाही र असल नियतले गरेका कामहरूलाई पेसागत परिषद्को क्षेत्राधिकारमा राख्ने र अन्य अधिकारसम्बन्धी विषय मात्र भ्रष्टाचारको परिभाषामा राख्नु मनासिव र प्राकृतिक हुन्छ ।

अमानती प्रक्रियामा झन्झट छ । जरूरी काम पनि विवेकले गर्न नसक्ने अवस्था छ । जोखिम मोल्नुपर्छ । विपद्को पूर्वानुमान गरेर पूर्वतयारी गर्ने परिकल्पना नियममा गरिएको छैन । बाढी, महामारी आदि भए मात्र सोझै खरिद गर्न सक्ने भनिएको छ । पूर्वतयारीका निम्ति खर्च गर्न सक्ने व्यवस्था चाहिन्छ ।

औसत विधिले 'लो बिड' लाई निरूत्साहित पक्कै गर्नेछ तर ३० प्रतिशत पनि घातक नै देखिन्छ । तर कामको विशिष्टतालाई आत्मसात् गर्न खरिद ऐनलाई सर्वोपरि राख्नुभन्दा पनि यसका सैद्धान्तिक दर्शनलाई मानेर क्षेत्रगत कानुन वा निर्देशिकाको आधारमा करार गर्नेतर्फ छलफल सुरू गर्न जरूरी छ । *-कान्तिपुर*

# एमालेका निर्णय र बदलिँदो लोकतान्त्रिक समाज

धर्मराज तिमिल्सिना

असोज ८ गते सम्पन्न एमाले केन्द्रीय कमिटी बैठक र अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन विशेष अध्ययनको विषय बनेको छ । प्रतिवेदनले अन्तर्राष्ट्रिय शक्ति-सन्तुलन, नेपालको आन्तरिक राजनीतिक संकट, भदौ २३ र २४, २०८२ का घटना, निर्वाचनपछिको राजनीतिक अवस्था, पार्टीको पराजयका कारण, सरकारको कार्यशैली, संगठनात्मक कमजोरी, डिजिटल राजनीति, युवाको भूमिका, पुस्तान्तरण, वैचारिक पुनर्व्याख्या र आगामी राजनीतिक कार्यभारलाई एकै वैचारिक ढाँचामा जोड्ने प्रयास गरेको छ । प्रतिवेदनलाई केवल तत्कालीन राजनीतिक घटनाको प्रतिरक्षात्मक दस्ताबेजका रूपमा पढ्दा यसको संस्थागत र संगठनात्मक अर्थ अपूर्ण हुन्छ । यसको गहिरो तहमा तीनवटा प्रश्न देखिन्छन्– पहिलो, बदलिँदो सामाजिक तथा प्राविधिक परिवेशमा परम्परागत राजनीतिक संगठन कसरी पुनर्संरचित हुने ? दोस्रो, चुनावी पराजयलाई नेतृत्व तथा संगठनको आत्मसमीक्षामा कसरी रूपान्तरण गर्ने ? र तेस्रो, लोकतन्त्रप्रतिको जनअसन्तोषलाई सडकको शक्ति होइन, संस्थागत राजनीतिक प्रक्रियामा कसरी रूपान्तरण गर्ने ? प्रतिवेदनले आत्मसमीक्षा, डिजिटल रूपान्तरण, युवाको सहभागिता, पुस्तान्तरण, सार्वजनिक सेवा, आर्थिक उत्पादन, राष्ट्रिय स्वाधीनता र लोकतान्त्रिक संस्थाको संरक्षणमा जोड दिएको छ । तर, त्यसका केही भू-राजनीतिक र घटनासम्बन्धी व्याख्या राजनीतिक दाबीका रूपमा प्रस्तुत भएका छन्, जसको स्वतन्त्र प्रमाणीकरण यस लेखको दायराबाहिर छ । त्यसैले, प्रतिवेदनलाई राजनीतिक सत्यको अन्तिम स्रोत नभई एउटा प्रमुख दलको आधिकारिक राजनीतिक व्याख्या र भावी कार्यदिशाको दस्ताबेजका रूपमा विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

प्रतिवेदनको अर्को महत्वपूर्ण पक्ष वैचारिक पुनर्व्याख्या हो । यसले विचारधारालाई अस्वीकार गर्ने होइन, बदलिँदो समाजका नयाँ प्रश्नसँग जोडेर त्यसलाई व्यावहारिक बनाउनुपर्ने धारणा अघि सारेको छ । आजको राजनीतिक विमर्श उत्पादनका साधन, वर्गसंघर्ष वा परम्परागत आर्थिक सम्बन्धमा मात्र सीमित छैन । डिजिटल अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता, जलवायु परिवर्तन, वैदेशिक रोजगारी, सहरी गरिबी, 'गिग इकोनोमी', शिक्षा बजार, लैंगिक असमानता र नयाँ पुस्ताको राजनीतिक मनोविज्ञान राजनीतिक दलका लागि प्रत्यक्ष नीति प्रश्न बनेका छन् । प्रतिवेदनले यी नयाँ चुनौतीलाई पार्टीको वैचारिक भाषासँग जोड्नुपर्ने आवश्यकता औँल्याएको छ ।

प्रतिवेदनले २३ र २४ भदौ ०८२ का घटनालाई लोकतान्त्रिक संस्थामाथिको गम्भीर चुनौतीका रूपमा व्याख्या गरेको छ । साथै, सडकको आवाज लोकतन्त्रका लागि चेतावनी र दबाबको माध्यम हुन सक्ने भए पनि राज्यको वैधताको स्थायी मापनको आधार सडकको भिड हुन नसक्ने तर्क फ्रस्तुत गरिएको छ । लोकतन्त्रमा तीनवटा शक्ति निरन्तर अन्तर्क्रियामा हुन्छन् । जनमत, प्रतिनिधित्व र संस्थागत निर्णय तर लोकतन्त्र केवल निर्वाचनमा मतदान गर्ने प्रक्रिया मात्र होइन । त्यसमा नागरिकको अभिव्यक्ति, विरोध, संगठन, सार्वजनिक बहस, सञ्चार स्वतन्त्रता, न्यायिक समीक्षा र संस्थागत जवाफदेहिता पनि जोडिन्छ । सडकको असन्तोषलाई संस्थागत लोकतान्त्रिक प्रक्रियामा रूपान्तरण गर्नुपर्छ ।

राजनीतिक वैधता र निर्वाचनपछिको प्रश्न : प्रतिवेदनले निर्वाचनमा प्राप्त मतलाई वैध राजनीतिक अभिव्यक्ति माने पनि निर्वाचनको वातावरण र राजनीतिक प्रक्रियाबारे प्रश्न उठाएको छ । लोकतान्त्रिक शासनमा चुनावी परिणाम स्वीकार गर्नु अनिवार्य हुन्छ । तर, त्यससँगै निर्वाचनको प्रतिस्पर्धात्मक वातावरण, समान अवसर, सूचना पहुँच, सञ्चार प्रविधिको प्रभाव, राजनीतिक वित्त, डिजिटल प्रचार र संस्थागत निष्पक्षतामाथिको अध्ययन पनि जरूरी हुन्छ ।

पराजय बाह्य प्रभाव कि आन्तरिक कमजोरी : राजनीतिक दलको पराजय सामान्यतः एउटै कारणबाट हुँदैन । मतदाताको धारणा, उम्मेदवार चयन, संगठनात्मक पहुँच, स्थानीय मुद्दा, नेतृत्वको छवि, आर्थिक अवस्था, सामाजिक परिवर्तन, डिजिटल सञ्चार, विपक्षी रणनीति र राजनीतिक घटनाक्रम सबैले प्रभाव पार्न सक्छन् । प्रतिवेदनले पनि यही बहुकारणीय दृष्टिकोण प्रस्तुत गरेको छ । त्यसमा केवल नेतृत्वलाई दोष दिनु वा केवल बाह्य शक्तिलाई दोष दिनु दुवै अपूर्ण हुने संकेत गरिएको छ । पराजयको कारण केवल बाह्य शक्ति, सामाजिक सञ्जाल वा विपक्षीको रणनीतिमा खोजियो भने संगठनात्मक सुधारको अवसर कमजोर हुन्छ । यसको विपरीत, सबै जिम्मेवारी केवल नेतृत्व वा कार्यकर्तामाथि थोपर्दा राजनीतिक प्रणालीका व्यापक परिवर्तन ओझेलमा पर्न सक्छन् ।

संरचना परिवर्तन कि संगठनात्मक क्षमता पुनर्निर्माण : प्रतिवेदनले 'पुनर्गठन'लाई केवल कमिटी फेरबदलका रूपमा नहेरी संगठनको काम गर्ने शैली परिवर्तनसँग जोडेको देखिन्छ । संगठनमा सदस्य संख्या ठुलो हुनु र संगठन प्रभावकारी हुनु एउटै होइन । प्रतिवेदनले कतिपय संरचना नाममा भए पनि काममा सक्रिय नरहेको, सदस्यता भए पनि जनसम्पर्क कमजोर भएको समस्या औँल्याएको छ । प्रभावकारी संगठनका लागि कम्तीमा पाँच क्षमता आवश्यक हुन्छन्, समस्या पहिचान गर्ने क्षमता, नीति-निर्माण गर्ने क्षमता, नागरिकसँग संवाद गर्ने क्षमता, निर्णय कार्यान्वयन गर्ने क्षमता, परिणाम मापन तथा सुधार गर्ने क्षमता ।

सार्वजनिक संवादको नयाँ संरचना : आज सामाजिक सञ्जाल केवल प्रचारको माध्यम मात्रै होइन, राजनीतिक धारणा निर्माण, सूचना वितरण, सार्वजनिक दबाब, नागरिक गुनासो, राजनीतिक संगठन र नेतृत्वबिच संवादको प्रमुख माध्यम बन्दै गएको छ । प्रतिवेदनले डिजिटल सञ्चारलाई पार्टीको केन्द्रीय राजनीतिक कार्यभारसँग जोडेको छ । प्रमाणमा आधारित प्रतिक्रिया, निरन्तर जनसम्पर्क, संस्थागत गुनासो सुन्ने प्रणाली र सेवा सुधारलाई संगठनात्मक सक्रियतासँग जोडेको देखिन्छ ।

युवाको प्रश्न र पुस्तान्तरण : आजको युवा पुस्ताको राजनीतिक अपेक्षा विगतको पुस्तासँग मौलिक रूपमा फरक छ । उनीहरू केवल विचारधाराको अनुयायी बन्न चाहँदैनन्, उनीहरू परिणाम, अवसर, पारदर्शिता, सहभागिता र सम्मान खोज्छन् । प्रतिवेदनले युवालाई अगाडि ल्याउनुपर्ने तर अनुभवलाई अपमान गर्न नहुने धारणा राख्छ । साथै, नेतृत्व हस्तान्तरणलाई आकस्मिक विस्थापन नभई योजनाबद्ध प्रक्रियाका रूपमा हेर्न खोजेको छ । सफल पुस्तान्तरणको अर्थ पुरानो पुस्तालाई हटाउनु र नयाँ पुस्तालाई ल्याउनु मात्र होइन । यसको अर्थ हो अनुभव हस्तान्तरण तथा नयाँ पुस्ताको नेतृत्व संस्थागत स्मृति र नयाँ प्रविधिको प्रयोग । पुस्तान्तरण केवल उमेरका आधारमा हुन्छ भने संस्थागत अनुभव गुम्न सक्छ । पुरानो नेतृत्वले मात्र निरन्तरता पायो भने नयाँ पुस्ताको ऊर्जा र नयाँ सामाजिक यथार्थसँगको सम्बन्ध कमजोर हुन सक्छ । त्यसैले, पुस्तान्तरणलाई व्यक्तिको होइन, संस्थाको प्रक्रिया बनाउन आवश्यक हुन्छ ।

नेतृत्वमाथि आलोचना स्वीकार गर्ने राजनीतिक संस्कार : प्रतिवेदनमा अध्यक्षमाथि कठोर आलोचना गर्न पार्टीभित्र आग्रह गरिएको अंश विशेष महत्वको छ । नीति गलत भए भन्नुपर्ने, संगठन सुस्त भए प्रश्न गर्नुपर्ने र निर्णय प्रक्रियामा सुधार आवश्यक भए खुला रूपमा उठाउनुपर्ने धारणा व्यक्त गरिएको छ । लोकतान्त्रिक पार्टीको शक्ति केवल बाहिरी विपक्षसँग



प्रतिस्पर्धा गर्ने क्षमतामा हुँदैन । आफ्नै निर्णयमाथि प्रश्न स्विकार्ने क्षमतामा हुन्छ ।

प्रतिशोध र न्यायबिचको सीमा : प्रतिवेदनले अनुसन्धान र राजनीतिक प्रतिशोधबिच फरक छुट्याउनुपर्ने विषय पनि उठाएको छ । कुनै व्यक्तिमाथि अनुसन्धान हुन नहुने भन्ने होइन, तर अनुसन्धानको निष्कर्ष आउनुअघि नै सार्वजनिक वा राजनीतिक रूपमा दोषी ठहर गर्ने प्रवृत्तिमाथि प्रश्न उठाइएको छ । लोकतन्त्रमा तीनवटा कुरा आरोप, अनुसन्धान र न्यायिक निष्कर्ष अलग-अलग हुन्छन् । यी तीन चरणलाई एउटै बनाउन खोज्दा कानुनी शासन कमजोर हुन सक्छ । त्यसैले, राजनीतिक प्रतिस्पर्धाबिच पनि अनुसन्धान, प्रमाण, न्यायिक प्रक्रिया र दोष प्रमाणित नभएसम्म निर्दोष मानिने सिद्धान्तको संस्थागत संरक्षण आवश्यक हुन्छ ।

भूराजनीतिक सन्तुलन र राष्ट्रिय स्वाधीनता : प्रतिवेदनले विश्व शक्ति-सन्तुलन परिवर्तन, चीनलगायत उदाउँदा शक्तिहरू, पश्चिमी प्रभुत्वको परिवर्तनशील अवस्था र नेपालले अपनाउनुपर्ने सन्तुलित कूटनीतिक दृष्टिकोणमाथि चर्चा गरेको छ । राष्ट्रिय स्वाधीनताको आधुनिक अर्थ केवल सीमा संरक्षण होइन । यसमा आर्थिक निर्भरता व्यवस्थापन, ऊर्जा सुरक्षा, डिजिटल सार्वभौमिकता, व्यापार विविधीकरण, पूर्वाधार कूटनीति, श्रम कूटनीति, जलवायु कूटनीति, प्रविधि हस्तान्तरणसमेत जोडिन्छन् । प्रतिवेदनमा विदेशमा रहेका नेपाली श्रमिकलाई केवल रेमिट्यान्सको स्रोत नभई भविष्यमा फर्कन सक्ने सिप, पुँजी र मानव संसाधनका रूपमा हेर्नुपर्ने दृष्टिकोण पनि प्रस्तुत गरिएको छ ।

जलवायु संकट र राजनीतिक अर्थशास्त्र : प्रतिवेदनले जलवायु परिवर्तनलाई केवल वातावरणीय समस्या नभई विकास, असमानता र अन्तर्राष्ट्रिय न्यायसँग जोडेको छ । विकसित देशको ऐतिहासिक औद्योगिकीकरण र वर्तमान जलवायु संकटबिचको सम्बन्धसम्बन्धी दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । नेपालको सन्दर्भमा यो बहस झन् महत्वपूर्ण हुन्छ । हिमाली क्षेत्रमा हिमपात तथा हिमताल, पहाडी क्षेत्रमा पहिरो र बाढी, तराईमा डुबान तथा कृषि उत्पादनमा परिवर्तन यी सबैले राज्यको प्रशासनिक क्षमता र स्थानीय शासनलाई प्रत्यक्ष प्रभावित गर्छन् ।

समसामयिक निर्णय : निर्णयमा विपत् तथा राहत, जलवायु न्याय, सरकारको कार्यसम्पादन, विभिन्न घटनाको छानबिन, नागरिक तथा श्रमिक अधिकार, सञ्चार तथा सामाजिक क्षेत्र, संवैधानिक विषय, महँगी, कर, व्यावसायिक वातावरण, भूराजनीति, सीमा, प्रवासी नेपाली, पार्टी एकता, संगठन सुदृढीकरण तथा आगामी निर्वाचन तयारीजस्ता विषय समेटेको देखिन्छ । यसबाट पार्टीको तत्कालीन एजेन्डा केवल सत्ता प्राप्तिमा सीमित नभई राज्य, समाज र संगठनका विभिन्न तहमा राजनीतिक हस्तक्षेप निर्माण गर्ने प्रयासका रूपमा लिन सकिन्छ । तर, यहाँ पनि एउटा महत्वपूर्ण संस्थागत प्रश्न छ, निर्णय कति भए भन्नेभन्दा कार्यान्वयन कति भयो ? भन्ने हुन्छ । त्यसैले प्रत्येक निर्णयसँग जिम्मेवार निकाय, समयसीमा, स्रोत, सूचक र परिणाम जोडिनुपर्छ ।

जनतामा फर्कने : गल्ती स्विकार्नु आत्मसमर्पण होइन, शैली बदल्नु सिद्धान्त त्याग्नु होइन र युवालाई अगाडि ल्याउनु अनुभवको अपमान होइन भन्ने भावनाले पुनर्निर्माणको राजनीतिक भाषा निर्माण गर्न खोजेको देखिन्छ । यसलाई संगठनात्मक दृष्टिले तीन तहमा बुझ्न सकिन्छ । पहिलो- संवादको पुनर्स्थापना र नागरिकसँग निरन्तर सम्पर्क, दोस्रो- विश्वसनीयताको पुनर्निर्माणसँगै भनिएको कुरा र गरिएको कामबिचको दूरी घटाउने र तेस्रो- परिणामको राजनीति, जहाँ राजनीतिक भाषणलाई सार्वजनिक परिणाममा बदल्ने । यही तेस्रो पक्ष सबैभन्दा निर्णायक हुन्छ ।

निष्कर्ष : मूल बहसलाई तीन शब्दमा संक्षेप गर्न सकिन्छ, पुनर्विचार, पुनर्संरचना र पुनर्सम्बन्ध । पुनर्विचार आफ्नो राजनीतिक यात्रा, कमजोरी र बदलिँदो समाज, पुनर्संरचना संगठन, नेतृत्व, डिजिटल प्रणाली र पुस्तान्तरण अनि पुनर्सम्बन्ध नागरिक, युवा, राज्य र लोकतान्त्रिक संस्था । डिजिटल रूपान्तरण सामाजिक सञ्जालको प्रचारमा होइन, नागरिक सेवामा देखिन्छ र जनतामा फर्कने नारा चुनावको पूर्वसन्ध्यामा होइन, दैनिक राजनीतिक संस्कारमा देखिन्छ । यस अर्थमा केन्द्रीय कमिटी बैठकको सबैभन्दा ठुलो ऐतिहासिक प्रश्न के निर्णय भयो ? भन्दा पनि निर्णयपछि राजनीतिक संगठन कति गतिशील हुन्छ ? भन्ने हो । नेपालको लोकतान्त्रिक भविष्यमा राजनीतिक दलहरूको भूमिका अझै केन्द्रीय रहनेछ । तर, उनीहरूको वैधता अब केवल इतिहास, विचारधारा वा संगठनको आकारबाट स्थापित हुनेछैन । नागरिकले उनीहरूलाई परिणाम, जवाफदेहिता, समावेशिता, डिजिटल युगसँगको अनुकूलन, सार्वजनिक सेवाप्रतिको प्रतिबद्धता र लोकतान्त्रिक संस्थाप्रतिको व्यवहारबाट मूल्यांकन गर्नेछन् । त्यसैले, यस प्रतिवेदनको दीर्घकालीन महत्व यसको शब्दमा होइन, यसले उठाएका प्रश्नहरूको संस्थागत उत्तर निर्माण गर्न सक्ने क्षमतामा निर्भर हुनेछ । *-नयाँ पत्रिका*



# डिजिटल बैंकिङलाई व्यवसाय विस्तारको आधार बनाउँदै ग्लोबल आइएमई

काठमाडौं । दुई दशकको व्यावसायिक यात्रा पूरा गरेको ग्लोबल आइएमई बैंकले 'डिजिटल बैंकिङ'लाई व्यवसाय विस्तारको आधार बनाउने भएको छ । सरकारले डिजिटल नेपाल फ्रेमवर्कमार्फत डिजिटल प्रविधिको उपायेगबाट सेवाप्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी अर्थतन्त्रका बृहत्तर आयामहरूको रूपान्तरण गरी आधुनिकीकरण गर्ने लक्ष्य लिएको छ । डिजिटल नेपालको अवधारणालाई आत्मसात् गर्दै ग्लोबल आइएमईले पनि 'डिजिटल फर्स्ट बैंकिङ' रणनीतिअनुसार व्यवसाय अघि बढाउने भएको हो ।

बैंकले 'डिजिटल फर्स्ट बैंकिङ रणनीति'अनुसार डिजिटल प्रक्रियाको विस्तार, एआई तथा स्वचालनको प्रयोग वृद्धि, नयाँ पुस्ताका ग्राहकमा केन्द्रित व्यवसाय, डिजिटल उत्पादन तथा सेवाको विस्तार, साइबर सुरक्षा र अनुपालन सुदृढीकरण गर्ने भएको हो । डिजिटल सेवालाई कारोबारमा मात्रै सीमित नराखी ग्राहकको दैनिक वित्तीय आवश्यकतालाई एउटै डिजिटल प्लाटफर्ममार्फत सम्बोधन गर्ने प्रयास गरिएको बैंकले जनाएको छ । डिजिटल माध्यमबाट ग्राहकलाई थप सहज, छिटो र प्रभावकारी बैंकिङ सेवा उपलब्ध गराउँदै डिजिटल कारोबार विस्तार गर्ने योजना रहेको बैंकले उल्लेख गरेको छ ।

बैंकले म्यानुअल प्रक्रियालाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्दै आन्तरिक कार्यसम्पादन, सेवाप्रवाह र सञ्चालन दक्षता अभिवृद्धि गर्ने रणनीति लिइएको छ । त्यस्तै, एआई तथा स्वचालनको प्रयोग बढाएर ग्राहक सेवा तथा सुविधालाई प्रभावकारी बनाइने बैंकले जनाएको छ । ग्लोबल जिपिटी, डकुमेन्ट क्वारी सिस्टम (डक्युएस) तथा रोबोटिक प्रोसेस अटोमेसन (आरपिए)जस्ता प्रविधिको प्रयोग विस्तार गरी कर्मचारीको कार्यक्षमता, ग्राहक सेवा र निर्णय प्रक्रियालाई थप प्रभावकारी बनाउने लक्ष्य बैंकले लिएको छ । त्यसैगरी, बैंकले नयाँ पुस्ताका ग्राहकमा केन्द्रित व्यवसायसमेत गर्ने भएको छ । अनलाइनबाटै अकाउन्ट खोल्न सकिने, नेक्ट जेन अकाउन्ट, भिडियो केवाइसीजस्ता सेवामार्फत नयाँ पुस्ताका ग्राहकलाई बैंकसँग जोड्ने र दीर्घकालीन ग्राहक सम्बन्ध विकास गर्ने बैंकले रणनीति लिएको छ । त्यस्तै, कर्पोरेट तथा व्यावसायिक ग्राहकमा विस्तार गर्न 'ग्लोबल बिजनेक्स'लगायत डिजिटल सेवा उपलब्ध गराइने भएको छ । 'ग्लोबल बिजनेक्स'मार्फत व्यावसायिक तथा कर्पोरेट ग्राहकलाई थप प्रभावकारी सेवा प्रदान गर्दै व्यावसायिक बैंकिङको दायरा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

त्यस्तै, डिजिटल उत्पादन तथा सेवाको विस्तारअन्तर्गत ग्लोबल स्मार्ट प्लसमा व्यक्तिगत रकम ट्रान्सफरका अतिरिक्त वित्त व्यवस्थापन (पर्सनल फाइनान्स म्यानेजमेन्ट)का साथै आइपिओ भर्न सकिने, पुँजीबजार सेवालगायत सुविधासमेत थपिने भएको छ । 'नयाँ सेवा सुविधा विस्तार गर्दै ग्राहकको दैनिक वित्तीय आवश्यकतालाई एउटै डिजिटल प्लाटफर्ममार्फत सम्बोधन गर्ने प्रयासलाई निरन्तरता दिइनेछ,' बैंकले उल्लेख गरेको छ ।

रेमिट्यान्स तथा अन्तर्राष्ट्रिय बैंकिङ विस्तारअन्तर्गत गैरआवासीय नेपाली तथा अन्तर्राष्ट्रिय बैंकिङ सेवाको सम्भावनालाई




उपयोग गर्दै नयाँ व्यावसायिक क्षेत्र विस्तार गर्ने रणनीतिसमेत बैंकले लिएको छ । त्यस्तै, डिजिटल ऋण तथा शाखारहित सेवाको विस्तारअन्तर्गत केन्द्रीय बैंकको अवधारणाअनुरूप डिजिटल कर्जा तथा डिजिटल शाखाको विकास गरी बैंकिङ सेवाको पहुँच र कारोबार विस्तार गर्ने योजना रहेको उनले बताए । जोखिम व्यवस्थापनलाई व्यवसाय वृद्धिसँग जोड्न व्यवसाय विस्तारसँगै कर्जा तथा अन्य जोखिमलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने, साइबर सुरक्षा र अनुपालन सुदृढीकरण गर्दै सुरक्षित डिजिटल बैंकिङ वातावरण निर्माण गरिनेसमेत बैंकको रणनीति छ ।

ग्लोबल आइएमई बैंकले स्थापनाको दुई दशक पूरा गर्दै २०औं वार्षिक साधारणसभा यही १६ असोजमा आयोजना गर्दै छ । दुई दशकको व्यावसायिक यात्रामा बैंकले आफ्नो वित्तीय आकार, ग्राहक आधार, सेवा सञ्जाल, डिजिटल क्षमता तथा व्यावसायिक पहुँच विस्तार गर्दै आएको बैंकले जनाएको छ । बैंकले नाफा वृद्धि, व्यवसाय विस्तार, डिजिटल रूपान्तरण, गुणस्तरीय कर्जा, जोखिम व्यवस्थापन र दिगो वित्तलाई एकीकृत गर्दै सेयरधनीका लागि दिगो प्रतिफल तथा बैंकको दीर्घकालीन व्यावसायिक वृद्धि सुनिश्चित गर्ने रणनीति बैंकले अघि बढाएको हो ।

बैंकको व्यवसायसँग नाफासमेत बढ्दै गएको छ । आर्थिक वर्ष ०८२/८३ को अन्त्यसम्म बैंकको कुल निक्षेप सात खर्ब ४४ करोड, कुल कर्जा चार खर्ब ७६ अर्ब ८४ करोड पुगेको छ । बैंकको चुक्ता पुँजी ३८ अर्ब एक करोड १६ लाख पुगेको छ । यस अवधिमा बैंकले ६ अर्ब तीन करोड ६० लाख रूपैयाँ खुद नाफा आर्जन गरेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १५.९० प्रतिशतले बढी हो । त्यस्तै, निक्षेपमा २१.८० प्रतिशत तथा कर्जा लगानीमा ८.२२ प्रतिशत वृद्धि भएको छ । बैंकले सेयरधनीहरूलाई १० प्रतिशतको लाभांश वितरण गर्ने प्रस्ताव साधारणसभामा लगेको छ । उक्त सभाबाट स्वीकृत भएपश्चात् सेयरधनीलाई लाभांश वितरण गर्नेछ ।

बैंकको हाल ३४१ शाखा, ३६६ एटिएम, १४१ शाखारहित बैंकिङ सेवा, ६९ एक्सटेन्सन काउन्टर तथा राजस्व संकलन काउन्टर र विदेशमा तीन प्रतिनिधि कार्यालयसहितको सेवा सञ्जाल रहेको छ । बैंकले देशभरका विभिन्न सेवा माध्यमद्वारा १,००० भन्दा बढी सेवा केन्द्रबाट ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# जलविद्युत् बाढीको असर : ६२० मेगावाटका १९ परियोजना तत्काल सञ्चालन नहुने

पछिल्ला दुई बाढी–पहिरोका कारण प्रभावित ६२० मेगावाटको १९ परियोजना तत्काल सञ्चालनमा नआउने भएका छन् । १० भदौको भोटेकोशी बाढी र र ८–११ असोजको भारी वर्षात्का कारण आएको बाढीबाट १२ सय ९२ मेगावाट विद्युत् उत्पादन प्रभावित भएको थियो । त्यसमा ६२० मेगावाटका १९ परियोजना तत्काल सञ्चालनमा आउन नसकिने देखिएको विद्युत् प्राधिकरणले जनाएको छ ।

१० भदौमा भोटेकोशीमा आएको बाढीबाट प्रभावित भएका ४३०.८ मेगावाटको १२ परियोजना पनि तत्काल सञ्चालनमा आउनेछैनन् । त्यसमा १११ मेगावाटका रसुवागढी, ७८ मेगावाटको सान्जेन, ६० मेगावाटको माथिल्लो त्रिशूली ३ ए, ४२.५ मेगावाटको तल्लो सान्जेन, २४ मेगावाटको त्रिशूली र २५ मेगावाटको एनइए सोलार परियोजना छन् । २२.१ मेगावाटको चिलिमे, २० मेगावाटको लाङटाङ, १४.८ मेगावाटको माथिल्लो सान्जेन, १४.३ मेगावाटको माथिल्लो मैलुङ, १४.१ मेगावाटको देवीघाट र पाँच मेगावाटको मैलुङ खोला जलविद्युत् रहेको छ । यसमा अधिकांश परियोजना बाढीले प्रभावित भएका छन् । उनीहरूको विद्युत्गृह, बाँधलगायतका क्षेत्र बाढीले क्षतिग्रस्त गराएको छ । यी सबै परियोजनाको पुनर्निर्माण नै गर्नुपर्ने अवस्था रहेको प्राधिकरणले जनाएको छ । त्यस्तै, ८–११ असोजको बाढीपछिको पहिरोले २२० केभी कालीगण्डकी करिडोरको कुश्मा दाना खण्ड क्षतिग्रस्त गराएपछि १९० मेगावाटको सात परियोजनाको उत्पादन रोकिएको छ । बाढीले उक्त प्रसारणलाइनको तीनवटा टावर क्षतिग्रस्त गराएको छ । त्यसले गर्दा कुश्माभन्दा माथिल्लो क्षेत्रमा भएका विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोडिनेछैनन् ।

यसबाट प्रभावित आयोजनामा नीलगिरि–१ (३८ मेगावाट), नीलगिरि–२ (७१ मेगावाट), मिस्त्री (४२ मेगावाट), थापाखोला (१३.६ मेगावाट), घारखोला (१४.८ मेगावाट), रेलेखोला (६ मेगावाट) र घलेम्दी (५ मेगावाट) रहेका छन् । प्रसारण संरचनाको क्षति मर्मत गरी यी आयोजनाको विद्युत् पुनः प्रवाह गर्न केही समय लाग्ने अनुमान गरिएको छ । अन्य परियोजनामा भने सम्भावित क्षति रोक्न उत्पादन बन्द गरिएको थियो । बाढीको वेला बन्द गरिएको १४४ मेगावाटको कालीगण्डकी, मर्स्याङ्दी करिडोरका परियोजनालगायतका आयोजनाको उत्पादन पुनः सुरू भइसकेको छ । ४० मेगावाटको राहुघाट परियोजना भने सञ्चालनमा आउन अझै केही दिन लाग्ने अनुमान गरिएको छ । एक साताअघि मात्रै परीक्षण उत्पादन सुरू गरेको राहुघाट जलविद्युत् आयोजनाको टेलरेस गेट र डक्टमा क्षति पुगेको छ भने टर्बाइन फ्लोरमा पानी पसेको छ । पानी सफा गरी आयोजना पुनः सञ्चालनमा ल्याउन करिब १० दिन लाग्ने अनुमान छ । आयोजनाको स्विचयार्ड भने सामान्य अवस्थामा रहेकाले चार्ज गरिसकिएको छ । ६२० मेगावाटको १९ परियोजना बन्द भएपछि मुख्यतः हिउँदको विद्युत् माग व्यवस्थापनमा चुनौती देखिएको छ । यद्यपि, लोडसेडिङकै अवस्था नआउने प्राधिकरणको भार प्रेषण केन्द्रका प्रमुख अच्युत घिमिरेले बताए । 'कुश्मा दाना प्रसारणलाइनमा क्षतिग्रस्त तीन टावरलाई सकेसम्म छिटो पुनर्निर्माण गर्ने प्रयास गरेका छौँ । छिट्टै भयो भने त्यस खण्डका परियोजना सञ्चालनमा आइहाल्छन्,' उनले भने, 'त्रिशूली करिडोरका लागि पनि अस्थायी रूपमा १३२ केभी तथा २२० केभीमार्फत विद्युत्प्रवाह गर्न सकिन्छ कि भन्ने छ ।'

## खेलकुद

# फर्किए एसियाडका कांस्य पदक विजेता

जापानको आइची र नागोयामा चलिरहेको २०औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा नेपाललाई कांस्यपदक दिलाएको कराँतेका तेन्जिङ शेर्पा र महिला कबड्डी टोली बुधबार स्वदेश फर्किएका छन् । कराँतेमा एक मात्र कांस्य दिलाएका तेन्जिङसहित नेपाली कराँते बिहान र कबड्डी टोली साँझ फर्किएका हुन् । कराँते र कबड्डी टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले त्रिभुवन विमानस्थलमा स्वागत गरेका छन् ।  एसियाडमा तेन्जिङले पुरूष ८४ केजी टोली समूहमा नेपाललाई कांस्य दिलाएका थिए । महिला कबड्डी टोलीले एसियाडमा लगातार दोस्रोपटक पदक दिलाएको हो । कबड्डीमा सेमिफाइनल पुगेपछि कांस्य पक्का हुन्छ ।

गत संस्करणमा पनि महिला कबड्डी टोलीले ऐतिहासिक रूपमा पहिलोपटक कांस्य जितेको थियो । एसियाडमा नेपालबाट सहभागी टिम इभेन्टमा लगातार दोस्रोपटक कांस्य जित्ने पहिलो खेल महिला कबड्डी बनेको छ । नेपाली तेन्जिङले भने कांस्य पदक भिडन्तमा सेमिफाइनलमा लाओसविरूद्ध उत्कृष्ट नतिजा निकालेका थिए । (एसियाड)मा कांस्य जित्दै नेपाललाई पदकविहीन हुनबाट जोगाएको कराँतेका तेन्जिङ शेर्पाले बुधबार आफ्नो ऐतिहासिक सफलता आमा निरकुमारी श्रेष्ठ शेर्पालाई समर्पित गरेका छन् । डेढ साताअघि तेन्जिङले नेपाललाई अन्तिम समयमा कांस्य दिलाउँदै कराँतेबाट पदक दिलाएका थिए । कराँतेमा स्वर्ण र रजत आशा गरेका खेलाडीहरु बाहिरिँदा पुरूष ८४ केजीमाथिको तौलसमूहमा प्रतिस्पर्धा गरेका तेन्जिङले कांस्य पदक दिलाए । उनले कांस्य पदक भिडन्तमा लाओसका खेलाडीलाई ९–१ अंकले पराजित गरेका थिए ।

यसपटक कराँतेबाट स्वर्णसहित थप पदक भित्र्याउने लक्ष्यका साथ टोली जापानको नागोया र आइची पुगेको थियो । गत संस्करण नेपाललाई रजत दिलाएकी एरिका गुरूङ, राकेश मानन्धर तथा सानुमाया थिङ सेमिफाइनलसम्म पुग्न सकेनन् । सबैभन्दा एरिकाबाट नेपालले आशा गरेको थियो । उनलाई स्वर्ण पदक जित्ने खेलाडीका रूपमा हेरिएको थियो । तर, सबै आशा गरेका खेलाडी एरियाडमा फ्लप भए । कराँते विधाको अन्तिम दिन तेन्जिङले उत्कृष्ट प्रदर्शन गरी नेपाललाई एरियाडबाट रित्तो हात फर्कन दिएनन् ।

उनीपछि महिला कबड्डी टोलीले पनि लगातार दोस्रोपटक कांस्य जित्न सफल भयो । कांस्य पदक विजेता तेन्जिङ बुधबार बिहान स्वदेश फर्किदा आमा निरकुमारीले छोरालाई भावुक हुँदै स्वागत गरिन् । त्यसपछि तेन्जिङले पनि आमालाई कांस्य पदक लगाइदिए । कांस्य जितेको समयमा पनि उनले आमालाई खुबै मिस गरेका थिए । 'आज म जहाँ छु आमाको कारणले हो । मेरो जीवनमा उहाँ सबै हुनुहुन्छ । एसियाडको पदक आमालाई समर्पण गरेको हुँ,' तेन्जिङले भने । नेपाली कराँते टोली एसियाडपछि योकोहामामा सितेरियो कराँते च्याम्पियनसिपमा प्रतिस्धर्पा गरेको थियो । जहाँ दुई स्वर्णसहित नेपालले ६ पदक हात पारेको थियो ।

एसियाडमा दोस्रोपटक सहभागिता जनाएको नेपाली महिला कबड्डीले उत्कृष्ट प्रदर्शन गरेको थियो । महिला कबड्डीमा आठ राष्ट्र सहभागी थिए । समूह 'बी'को लिगमा नेपालले थाइल्यान्डलाई ४६–४३ र श्रीलंकालाई ३४–२५ ले हराएको थियो । गत संस्करणको उपविजेता चाइनिज ताइपेईसँग ३७–१८ ले चुकेपछि नेपाल समूह उपविजेता हुँदै सेमिफाइनलमा पुगेको थियो । सेमिफाइनल पुगेपछि नेपालले कम्तीमा कांस्य पदक निश्चित गरेको थियो । सेमिफाइनलमा नेपाल भारतसँग १८–३७ ले पराजित भएको थियो । मानमती विष्टको कप्तानीमा रहेको टोलीमा रविना चौधरी, गंगा घिमिरे, नानुमाया पराजुली, विनिता पण्डित क्षेत्री, जयन्ती बडू,  आस्मा यादव, खिममाया खत्री, मेनुकाकुमारी राजवंशी, मिना नेपाली, सिर्जनाकुमारी थारू र मनीषा जोशी रहेका छन् ।

# गिलको दोहोरो शतकमा भारतको कीर्तिमानी जित

भारतीय पुरूष क्रिकेट टोलीले एकदिवसीय इतिहासमा पहिलोपटक चार सय रनमाथिको लक्ष्य पछ्याएको छ । गुवाहाटी मैदानमा बुधबार वेस्ट इन्डिजले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा सात विकेट गुमाएर ४०५ रनको योगफल बनाएको थियो । प्रत्युत्तरमा भारतले केवल ४३.३ ओभरमा दुई विकेटको नोक्सानीमा ४०६ रन बनाउँदै आठ विकेटको जित निकाल्यो ।

भारतको जितमा ओपनर तथा कप्तान सुभमन गिलले २२३ रनको नटआउट इनिङ्स खेले । उनले १३३ बलमा २६ चौका र आठ छक्का प्रहार गरेका थिए । यसैगरी, ओपनर रोहित शर्माले ७५ बलमा १० चौका र ६ छक्काको सहयोगमा १०१ रन बनाए । विराट कोहलीले १९ बलमा २९ रन र रितुराजले ३७ बलमा ३१ रन बनाए । भारतले आफ्नो ५२ वर्षको एकदिवसीय इतिहासमा यो सफलता चुमेको हो । गिलले एकदिवसीय फर्म्याटमा सबैभन्दा छिटो दोहोरो शतकसमेत लगाए । उनले इशासन किसनको नाममा रहेको रेकर्ड भंग गरेका हुन् ।

गिलले ११७ बलमा दोहोरो शतक बनाएका हुन् । यसअघि ईशानले सन् २०२२ मा बंगलादेशविरूद्ध १२६ बलमा दुई सय रन जोडेका थिए । गिलको यो दोस्रो एकदिवसीय दोहोरो शतक हो । उनले सन् २०२३ मा न्युजिल्यान्डविरूद्ध १४९ बलमा २०८ रन जोडेका थिए । सुभमन गिल र रोहित शर्माले पहिलो विकेटका लागि २५५ रनको दोहोरो शतकीय साझेदारी गर्दै भारतलाई जितको आधार खडा गरे । उनीहरूले यसका लागि १६१ बलको सामना गरेका थिए । त्यसपछि गिल र विराट कोहलीबिच दोस्रो विकेट निमित्त ३५ बलमा ६३ रनको साझेदारी भयो ।

गुवाहाटी मैदानमा पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजको इनिङ्समा तीनवटा शतक बनेको थियो । ओपनर जोन क्याम्पवेल, कप्तान राई होप र अमिर जान्गोले शतकीय इनिङ्स खेल्दा वेस्ट इन्डिजले आफ्नो एकदिवसीय इतिहासमा सर्वाधिक ४०५ रनको योगफल खडा गरेको थियो । यसका लागि वेस्ट इन्डिजले सात विकेट गुमाएको थियो ।

क्याम्पवेलले १०१ रन, होपले १०४ रन तथा अमिरले ११४ रनको योगदान दिए । क्याम्पवेलले ८६ बलमा नौ चौका र पाँच छक्का प्रहार गरेका थिए । होपले ९४ बलमा आठ चौका र तीन छक्का हिर्काए । अमिरले ७७ बलमा १३ चौका र तीन छक्का प्रहार गरेका थिए । भारतले २३ अतिरिक्त रन दिएको थियो । जसमा सर्वाधिक २० वाइड समावेश छ । वेस्ट इन्डिजका लागि क्याम्पवेल र होपबिच दोस्रो विकेटका लागि ७९ बलमा ११० रनको साझेदारी भएको थियो । होप र अमिरले तेस्रो विकेट निमित्त १३१ बलमा १८२ रन बनाए ।

## ● सानिमा बैंकको नगद लाभांशसम्बन्धी प्रस्ताव साधारणसभाबाट पारित

सानिमा बैंक लिमिटेडको २२औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ। सभाले सञ्चालक समितिले प्रस्ताव गरेअनुसार २०८३ असार मसान्तको साधारण सेयर पुँजीको १० प्रतिशत नगद लाभांश (करसहित) र अग्राधिकार सेयर पुँजीको ८.२५ प्रतिशत नगद लाभांश (करसहित) प्रदान गर्ने प्रस्ताव पारित गरेको छ।

बैंकका अध्यक्ष तुकप्रसाद पौडेलको अध्यक्षतामा भएको उक्त सभाले सर्वसाधारण सेयरधनीहरूको तर्फबाट तेजबहादुर चन्द र महेश घिमिरेलाई सञ्चालकमा निर्विरोध निर्वाचित गरेको छ।

आर्थिक वर्ष ०८२/८३ मा ३.५५ अर्ब रूपैयाँ खुद मुनाफा गरेको बैंकको कुल सम्पत्ति २९१.२१ अर्ब रूपैयाँ पुगेको छ। सो अवधिमा बैंकको कुल निक्षेप २४९.९३ अर्ब र खुद कर्जा सापटी २०३.९९ अर्ब रूपैयाँ रहेको छ। आर्थिक वर्ष ०८१/८२ को तुलनामा निक्षेप, कर्जा सापटी र कुल सम्पत्तिमा क्रमशः १०.८४ प्रतिशत, ११.१९ प्रतिशत र १०.५० प्रतिशतले वृद्धि भएको बैंकले जनाएको छ।

## ● एभरेस्ट बैंकको ३२औँ वार्षिक साधारणसभा सम्पन्न

एभरेस्ट बैंक लिमिटेडको ३२औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ। बुधबार सम्पन्न सभाले लेखापरीक्षकको प्रतिवेदनसहित आर्थिक वर्ष ०८२/८३ को वार्षिक प्रतिवेदन पारित गरेको छ। सभाले सेयरधनीहरूका लागि पाँच प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश (करसमेत) वितरण गर्ने प्रस्ताव पारित गरेको छ। साथै, प्रस्तावित बोनस सेयर जारी भएपश्चात् पुँजी वृद्धि हुने भएकाले सोहीबमोजिम प्रबन्धपत्र संशोधनसम्बन्धी विशेष प्रस्ताव पनि सभाबाट पारित भएको छ। आ.व. ०८३/८४ का लागि जिपी राजवाहक एन्ड कम्पनीलाई लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्तावसमेत सभाले सर्वसम्मतिबाट पारित गरेको छ।

## ● स्ट्यान्डर्ड चार्टर्डद्वारा एक लाख डलर सहयोग

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा एक लाख अमेरिकी डलर (डेढ करोडभन्दा बढी) सहयोग गरेको छ । गत १० भदौमा भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित समुदायको पुनर्स्थापना, पुनर्निर्माण तथा राहत तथा पुनप्राप्तिका लागि बैंकले उक्त रकम सहयोग गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत गोरख राणाले बाढीका कारण नेपालका विभिन्न जिल्लाका धेरै परिवारको दैनिक जीवन तथा जीविकोपार्जनमा ठुलो असर परेको बताए ।

## ● बाढीपीडितलाई लक्ष्मी सनराइज क्यापिटलको २१.५७ लाख सहयोग

लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडले १० भदौको भोटेकोशी बाढी प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका २१ लाख ५७ हजार ४१८ रूपैयाँ सहयोग गरेको छ । कम्पनी तथा कम्पनीमा कार्यरत कर्मचारीका उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरेको हो । बैंकका अनुसार राहत तथा उद्धारका प्रयासमा सहयोग पुऱ्याउन र प्रभावित समुदायको पुनर्स्थापनामा योगदान गर्ने उद्देश्यले उक्त सहयोग प्रदान गरिएको हो ।

## ● हिमालयन बुलियन र सलिकोबिच दुर्घटना बिमा सम्झौता

गरगहनासम्बन्धी काम गर्ने कम्पनी हिमालयन बुलियन र सगरमाथा लुम्बिनी इन्स्योरेन्स (सलिको)बिच बिमा सम्झौता भएको छ । द्विपक्षीय सम्झौताअनुसार हिमालयनले आफ्ना ग्राहकको दुर्घटना बिमा गरिदिनेछ । कम्पनीका अनुसार घटस्थापनाको दिनदेखि हरेक ग्राहकको दुर्घटना बिमा गरिनेछ । बिमालाई तीन तहको सदस्यता कार्यक्रममा वर्गीकरण गरिएको छ । जसमा, सिल्भर, गोल्ड र प्लाटिनम ग्राहक रहनेछन् । सिल्भरमा एक लाख, गोल्डमा पाँच लाख र डायमन्डमा १० लाखसम्मको बिमा हुने कम्पनीले जानकारी दिएको छ ।

# कर्पोरेट

## ● वार्षिक एक सय स्टार्टअपलाई प्रवर्द्धन गर्ने समझदारी

स्टार्टअप तथा उद्यमशीलता वातावरणलाई थप सशक्त, लगानीमैत्री र देशव्यापी बनाउने उद्देश्यले नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च र द स्टार्टअप नेटवर्क नेपालबिच समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीअनुसार दुवै संस्थाले फाउन्डर्स हब नामक इन्क्युबेसन तथा एक्सेलेरेसन कार्यक्रम सञ्चालन गर्नेछन् । फाउन्डर्स हबमार्फत प्रत्येक वर्ष १०० वटा स्टार्टअपलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ । सहभागी स्टार्टअपलाई व्यवसाय विकास, परामर्श, उद्योगसँगको पहुँच, सम्बन्ध विस्तारलगायतबारे समझदारी भएको छ ।

## ● मुनलाइटको सेयर प्रत्याभूतिकर्ता ज्योति क्यापिटल

मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणमा साधारण सेयर (आइपिओ) जारी गर्ने तयारी गरेको छ । कम्पनीको सेयर प्रत्याभूतिकर्तामा ज्योति क्यापिटल लिमिटेड नियुक्त भएको छ ।

क्यापिटल र मुनलाइट हाइड्रोपावर कम्पनी कम्पनीबिच सेयर प्रत्याभूति गर्ने सम्झौतामा हस्ताक्षर भएको हो । मुनलाइटले प्रतिसेयर एक सयअंकित दरमा ९२ हजार ४१ लाख ४२ लाख ६०० रूपैयाँबराबरका ९२ लाख ४१ हजार ४२६ कित्ता सेयर निष्कासन गर्नेछ ।

## ● पेट्रोलियमको मूल्य यथावत्, आगामी १५ दिनमा मात्रै निगमलाई ३ अर्ब घाटा

भारतबाट ठुलो दरले पेट्रोलियम पदार्थको मूल्य बढेर आए पनि आसन्न दसैँ, तिहारमा मूल्य नियन्त्रण गर्न सरकारको निर्देशनमा आयल निगमले पेट्रोलियम पदार्थको मूल्य यथावत् राखेको छ। मूल्य यथावत् राख्दा निगमलाई आगामी १५ दिनमा ३ अर्ब २० करोड ३८ लाख रूपैयाँ नोक्सान हुने प्रक्षेपण छ।

आयल निगमले बुधबार साँझ जारी गरेको विज्ञप्तिअनुसार इन्डियन आयल कर्पोरेसनले दिउँसो पठाएको नयाँ मूल्यसूचीमा पेट्रोल २०.४४ रूपैयाँ, डिजेल २०.२१ रूपैयाँ, मट्टीतेल १५.९६ रूपैयाँ र हवाई इन्धन १८.६६ रूपैयाँ प्रतिलिटर बढेर आएको छ । त्यस्तै, खाना पकाउने एलपी ग्यास ८१.३२ रूपैयाँ प्रतिसिलिन्डर बढेर आएको छ। ठुलो दरमा मूल्य बढेर आए पनि निगमले आसन्न चाडपर्वलाई हेरेर नेपालमा समायोजन नगरेको प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। 'आसन्न चाडबाडमा मूल्य नियन्त्रण गर्नुपर्ने प्रमुख दायित्वलाई मध्यनजर गरेर ठुलो घाटा हुँदाहुँदै पनि मूल्य समायोजन नगरिएको हो,' उनले भने। निगमले चालू आव ०८२-८३ को १४ असोजसम्म ४ अर्ब ७५ करोड रूपैयाँ नोक्सानी बेहोरिसकेको छ। अहिले १५ दिनमै थप ३ अर्ब २० करोड रूपैयाँ नोक्सानी भएपछि भने भारतलाई तेल किनेबापत भुक्तानी दिनुपर्ने रकम जोहो गर्न समस्या हुने देखिन्छ। निगम प्रवक्ता ठाकुरले मूल्य स्थिरीकरण कोषमा करिब ४ अर्ब रूपैयाँ रहेकाले सञ्चालक समितिको निर्णयबाट सो रकम लिई भारतलाई भुक्तानी गर्ने योजना रहेको जानकारी दिए।

## ● सिद्धार्थ बैंक र आइएफसीबिच चार करोड डलरको रिस्क सेयरिङ साझेदारी

सिद्धार्थ बैंक लिमिटेड र विश्व बैंक समूहको सदस्य संस्था अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) बिच स्मल लोन ग्यारेन्टी प्रोग्राम (एसएलजिपी) अन्तर्गत चार करोड अमेरिकी डलरबराबरको रिस्क सेयरिङ साझेदारी सुविधासम्बन्धी सम्झौता भएको छ । यो व्यवस्थाअन्तर्गत बैंकले प्रवाह गर्ने लघु, साना तथा मझौला उद्यम (एमएसएमई) कर्जामा निहित जोखिमको ५० प्रतिशत हिस्सा आइएफसीले बहन गर्नेछ । यसबाट देशभरका लघु, साना तथा मझौला उद्यमहरूमा कर्जा विस्तार गर्ने सिद्धार्थ बैंकको क्षमतालाई थप सुदृढ बनाउने विश्वास गरिएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामेश्वरप्रसाद बस्यालले यो साझेदारीबाट बैंकको एमएसएमई कर्जा पोर्टफोलियो विस्तारको दिशामा महत्वपूर्ण कदम हुने बताए । 'साना व्यवसायीले चुनौतीपूर्ण आर्थिक परिस्थितिको सामना गरिरहेका बेला यो सुविधाले कर्जा प्रवाह गर्ने हाम्रो क्षमतालाई थप सुदृढ बनाउने अपेक्षा रहेको छ,' उनले भने । यसले महत्वपूर्ण क्षेत्रमा कर्जा प्रवाह बढाएर उद्यमशीलतालाई प्रोत्साहन गर्ने, रोजगारी सिर्जना गर्ने तथा नेपालको समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने बैंकको लक्ष्य छ । सन् २०१४ मा सिद्धार्थ बैंक आइएफसीको ग्लोबल ट्रेड फाइनान्स प्रोग्राममा आबद्ध भएपश्चात् यसले बैंकलाई विश्वव्यापी करेस्पोन्डेन्ट बैंकहरूको सञ्जालसँग जोडिन थप सहज बनाएको बताइएको छ । त्यसपछि सन् २०२३ मा सिद्धार्थ बैंकले आइएफसीबाट अमेरिकी डलर पाँच करोड ५० लाखबराबरको सिन्डिकेटेड कर्जा सुविधा लिएको थियो ।

## ● आइसिएफसी फाइनान्सको २३औँ साधारणसभा सम्पन्न

आइसिएफसी फाइनान्स लिमिटेडले आफ्नो २३औँ वार्षिक साधारणसभा मंगलबार काठमाडौँको बौद्ध हेरिटेजमा सम्पन्न गरेको छ। साधारणसभाबाट आर्थिक वर्ष ०८२/८३ को मुनाफाबाट चुक्ता पुँजीको १०.५२६३ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागिसमेत) दिने प्रस्ताव सर्वसम्मत पारित गरेको छ। वार्षिक साधारणसभाले आर्थिक वर्ष ०८३/८४ का लागि बाह्य लेखा परीक्षकमा 'एसएआर एसोसिएट्स' चार्टर्ड एकाउन्टेन्टलाई नियुक्त गरेको छ। चुक्ता पुँजी एक अर्ब १८ करोड ३४ लाख रूपैयाँ रहेको यस फाइनान्सले हालसम्म आफ्नो २१ वटा शाखा कार्यालयमार्फत एक लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा दिँदै आएको छ। साथै, संस्थाले चालू आवको भदौ मसान्तसम्म २२ अर्ब ६७ करोड निक्षेप संकलन र १९ अर्ब ६१ करोड रूपैयाँ कर्जा प्रवाह गरेको जनाएको छ।

## ● महालक्ष्मी विकास बैंक र रोटरी इन्टरनेसनलबिच सम्झौता

महालक्ष्मी विकास बैंक लिमिटेड र रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२-आधारभूत शिक्षा तथा साक्षरता समितिबिच सम्झौता भएको छ। शिक्षा तथा साक्षरताको क्षेत्रमा सहकार्य गर्ने गरी गत शुक्रबार सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौताअनुसार महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामुदायिक तथा सार्वजनिक विद्यालयहरूमा आधारभूत शिक्षा तथा साक्षरता प्रवर्द्धन गर्ने उद्देश्यका साथ रोटरी क्लबहरूमार्फत सञ्चालन गरिने विभिन्न शैक्षिक तथा पूर्वाधार विकाससम्बन्धी परियोजनाका लागि वित्तीय सहयोग उपलब्ध गराउनेछ। उक्त सहयोगअन्तर्गत सामुदायिक तथा सार्वजनिक विद्यालयहरूमा शौचालय निर्माण तथा सुधार, खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी परियोजना सञ्चालन तथा कम्प्युटर ल्याब स्थापनालगायतका आधारभूत शिक्षा तथा विद्यालयको शैक्षिक वातावरण सुधारमा केन्द्रित परियोजनाहरूका लागि बैंकले सहकार्य गर्नेछ।

## ● मेटलाइफको क्यासलेस उपचार दाबी किस्टमा

मेटलाइफ नेपालले किस्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालसँग नगदरहित उपचार सेवाका लागि साझेदारी गरेको छ । कम्पनीले आफ्ना ग्राहकलाई स्वास्थ्य उपचारमा थप सहजता प्रदान गर्ने उद्देश्यले साझेदारी गरेको छ । जसमा कर्मचारी लाभ बिमा योजनाअन्तर्गतका योग्य ग्राहकले अस्पतालमा भर्ना हुँदा नगदरहित (क्यासलेस) उपचार सेवा लिन सक्नेछन् ।

यस सेवाले उपचारका लागि सुरुमै गर्नुपर्ने भुक्तानी घटाउनुका साथै दाबी प्रक्रियालाई थप सहज र व्यवस्थित बनाउन सहयोग गर्ने कम्पनीको भनाइ छ । किस्टसँगको सहकार्यले मेटलाइफका कर्मचारी तथा ग्राहकले लाभ बिमा योजनाका नियम तथा सर्तअनुसार नगदरहित उपचार सेवा प्राप्त गर्न सक्नेछन् । यसले ग्राहकलाई उपचार र स्वास्थ्यलाभमा ध्यानकेन्द्रित गर्न सहज बनाउँदै उपचारसँग जोडिएका प्रशासनिक तथा आर्थिक झन्झटलाई कम गर्न सहयोग गर्ने बताइएको छ ।

## ● हिमालय एयरलाइन्सको काठमाडौं-सांघाई उडान सुरु

हिमालय एयरलाइन्सले सोमबारदेखि काठमाडौं-सांघाई सिधा उडान पुनः सुरु गरेको छ । कम्पनीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र सांघाई पुडोङ अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा उडान सुरु गरेको हो । उडान सेवा पुनः सुरु भएसँगै कम्पनीको काठमाडौं-सांघाई-काठमाडौं मार्गमा नियमित सिधा उडान सञ्चालन गर्ने एक मात्र वायुसेवा कम्पनी बनेको छ । यससँगै नेपाल र चीनको प्रमुख विश्वव्यापी महानगरमध्ये एक सांघाईबिचको रणनीतिक रूपमा महत्वपूर्ण हवाई सम्पर्क पुनर्स्थापित भएको बताइएको छ । कम्पनीले प्रारम्भिक चरणमा यस रुटमा साप्ताहिक दुई उडान सञ्चालन गर्दै छ । काठमाडौं-सांघाईतर्फका उडान हरेक सोमबार र शुक्रबार प्रस्थान गर्नेछन् भने सांघाई-काठमाडौं फर्कने उडान हरेक मंगलबार र शनिबार सञ्चालन हुनेछन् । एयरलाइन्सले यात्रुको माग तथा उडानको यात्रु भारका आधारमा आगामी दिनमा उडान संख्या थप गर्ने बताइएको छ । यो उडानले यात्रुलाई सुविधाजनक, सुरक्षित र प्रभावकारी यात्रा सेवा प्रदान गर्ने हिमालय एयरलाइन्सको प्रतिबद्धतालाई थप मजबुत बनाएको कम्पनीको भनाइ छ । साथै, यसले नेपाल-चीन द्विपक्षीय सम्बन्ध तथा दुई देशका जनताबिचको सम्पर्क र आदान-प्रदानलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ● १ मंसिरबाट मासु जाँच ऐन लागू गरिने

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले १ मंसिरबाट पशु वधशाला तथा मासु जाँच ऐन, ०५५ लाई सशक्त रूपमा कार्यान्वयन गर्ने बताएकी छिन् । उनले सोमबार दिउँसो उपत्यकाका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसँग ऐन कार्यान्वयनको पूर्वतयारी, वर्तमान अवस्था तथा आगामी तयारीसम्बन्धी छलफल गरेकी हुन् । ऐन कार्यान्वयनका क्रममा साना मासु व्यवसायी तथा परम्परागत व्यवसायीको संरक्षण गर्दै उनीहरूको व्यवसायलाई क्रमशः आधुनिकीकरण र व्यवसायीकरण गर्ने साथै समूह, सहकारी तथा पब्लिक कम्पनीमार्फत आबद्ध गराई व्यवस्थित वधशाला तथा वधस्थलमा संलग्न गराउने तयारी गर्न उनले स्थानीय तहलाई आग्रह पनि गरिन् ।

## ● जिडब्लुएमको फेस्टिभ अफर, इभीमा तीन लाखसम्म छुट

ग्रेटवाल मोटर (जिडब्लुएम) नेपालले चाडपर्वलाई लक्षित गर्दै 'जिडब्लुएम फेस्टिभ अफरः गो विथ मोर' योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत जिडब्लुएमका विद्युतीय एसयुभी ओरा ५ मा दुई लाख र हाभल जोलियन म्याक्स खरिदमा ग्राहकले तीन लाख रूपैयाँसम्मका विभिन्न छुट पाउने भएका हुन् ।

कम्पनीका अनुसार अफरमा फ्री कम्प्रिहेन्सिभ इन्स्योरेन्स, सडक दस्तुर, स्पेयर टायर तथा सात किलोवाटको चार्जर र एसेसरिज समावेश छन् । त्यसैगरी, ग्राहकले नगद छुट, आकर्षक एक्सचेन्ज भ्यालु तथा सहज फाइनान्सिङ सुविधा पनि प्राप्त गर्न सक्नेछन् । यी सुविधा कम्पनीले तोकेको नियम तथा सर्तअनुसार उपलब्ध हुने बताइएको छ ।

त्यस्तै, हाभल जोलियन म्याक्स इभीमा आधुनिक एसयुभी डिजाइन, विद्युतीय ड्राइभ र विभिन्न स्मार्ट प्रविधि समावेश गरिएको छ । 'गो विथ मोर' अभियानमार्फत गाडी खरिदमा मात्रै नभई ग्राहकको समग्र स्वामित्व अनुभवमा थप मूल्य प्रदान गर्ने उद्देश्य रहेको जिडब्लुएम नेपालले जनाएको छ ।

## ● एबिपी इनर्जीले आइपिओ निष्कासन गर्ने, बिक्री प्रबन्धकमा सिद्धार्थ क्यापिटल

एबिपी इनर्जी लिमिटेड र सिद्धार्थ क्यापिटल लिमिटेडबिच प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ)सम्बन्धी सम्झौता भएको छ। सम्झौतामा एबिपी इनर्जी लिमिटेडका अध्यक्ष पूर्णलाल श्रेष्ठ र सिद्धार्थ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सन्दीप कार्कीले बुधबार आ-आफ्नो संस्थाको तर्फबाट हस्ताक्षर गरेका हुन्। उक्त सम्झौतासँगै एबिपी इनर्जी लिमिटेडको प्रस्तावित आइपिओ निष्कासन तथा व्यवस्थापनसम्बन्धी प्रक्रिया प्रचलित कानुन, नियामकीय व्यवस्था तथा सम्बन्धित निकायबाट प्राप्त हुने स्वीकृतिअनुसार अघि बढाइने र सो कार्यका लागि सिद्धार्थ क्यापिटल लिमिटेडले निष्कासन तथा बिक्री प्रबन्धकको कार्य गर्नेछ।

कम्पनीको सञ्चालक समूहमा नेपालको जलविद्युत् क्षेत्रको लामो व्यावसायिक अनुभव तथा आयोजना विकाससम्बन्धी ज्ञान भएका पूर्णलाल श्रेष्ठ र बलराम खतिवडाका साथै नेपाली प्राविधिक उद्यमी, एफवान सफ्ट इन्टरनेसनल र इसेवाका संस्थापक अज्जर अली रहेका छन्। कम्पनीले विकास गरिरहेको प्रमुख आयोजना ८ मेगावाट क्षमताको तादी घ्याङफेदी जलविद्युत् आयोजना हो।

## प्रतिशोधको...

केही भएन भन्ने भाष्यलाई प्रयोग गरेर जनताको ध्यान आफूतर्फ खिच्न प्रयोग गरिएको शब्द नै केही भएन भन्ने हो ।

त्यही शब्दलाई प्रयोग गरेर रास्वपाले २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको थियो । अहिले रास्वपाकै नेतृत्वको बालेन सरकार रहेको छ । बालेन सरकार २०८२ चैत्र १३ गते गठन भएको थियो । बालेन सरकार गठन भएको ६ महिना पूरा भएको छ तर उसले पनि जनताको विश्वास जित्न सकेको छैन भन्ने ऊ सामाजिक सञ्जालमै रमाउन थालेको र निर्वाचनका बेला जनतालाई दिएका आश्वासनहरु अहिलेसम्म पूरा गर्न सकेको छैन ।

रास्वपा नेतत्वको सरकारले १०० दिनभित्रमा यी काम गरिएसक्ने भनेर आश्वासन त्यसबेला जनतालाई दिएको थियो । तर १०० वटा आश्वासन मध्येका केही छिटफुट बाहेक कुनै काम भएका छैनन् भने बालेन सरकार गठन भएकै दिनदेखि प्रतिशोधको राजनीतिमा उत्रिएको छ । प्रतिशोधको राजनीतिले अन्त्य पनि प्रतिशोधकै राजनीतिबाट हुन सक्दैन भन्ने हेक्का रास्वपा र बालेन सरकारलाई होस् ? त्यसले त अरू विद्रोहमात्र जन्माउन सक्छ ।

नेपाल सरकारको आधारिक दस्तावेज अनुसार ३० वर्षअघि २५ प्रतिशत रहेका महिला साक्षरता २०७८ मा आईपुग्दा ६९.४ प्रतिशतमा पुगेको छ भने समग्र साक्षरता (पाँच वर्षमाथि) आर्थिक वर्ष २०७५/७६ मा ६५.९ प्रतिशत रहेकोमा २०७९/८० बढेर ७६.३ प्रतिशत पुगेको छ । उच्च शिक्षमा भर्नादर १२ बाट बढेर ३२ प्रतिशत पुगेको छ । साँच्चिकै ३५ वर्षमा केही नभएको भए आजपनि तीन जना महिलामा १ ज नामात्र साक्षर रहने थियो । मृत्युदरपनि एक समयमा प्रतिलाख २ सय ३९ रहेकोमा अहिले १ सय ५१ मा झरेको छ । ५ वर्ष मुनिकाका बालबालिकाको मृत्युदर ३९ वटा झेर ३३ मा पुगेको छ । यो संख्या तथ्यांक मात्र होइन यसको पछाडि हजारौँ आमा र बालबालिकाका ज्यान जोगिएको यथार्थ लुकेको छ । विगतको तीन दशकमा स्वास्थ्य प्रणालीमा लगानी र सुधार नभएको भए आज प्रत्येक सय जनामा थुप्रै आमा र बालबालिकाले ज्यान गुमाउनुपर्ने हुन्थ्यो ।

नेपालले यसैबीचमा पूर्वाधारमा पनि उल्लेखनीय विस्तार गरेको छ । विद्युतको पहुँचमा पनि घर परिवार ८८ प्रतिशतबाट बढेर ९६.७ प्रतिशत पुगेको छ । विद्युत उत्पादन क्षमता १ हजार २ सय ५० बाट बढेर २ हजार ८ सय ७७ मेगावाट पुगेको छ । राष्ट्रिय प्रादेशिक लोकमार्गको लम्बाई ७ हजार ८ सय ९० किलोमिटर बढेर १४ हजार ७ सय ५५ किलोमिटर पुगेको छ । यी सबै कारणहरूले गर्दा विगतमा केही कुशासन भएका भएपनि देश विकासको क्रममा विगतमा पनि केही इमान्दार प्रयास भएका थिए भने प्रमाणले नै पुष्टि गरेको छ त्यसमा पनि सरकारी प्रमाणले नै ।

गरिबी न्यूनीकरणमा समेत उल्लेखनीय प्रगति भएको योजना आयोगको प्रतिवेदनले नै देखाएको छ । जनसंख्याको ठुलो हिस्या गरिबी रहेकोमा सामाजिक सुरक्षामा आवद्ध जनसंख्या १७ प्रतिशतबाट बढेर ३२ प्रतिशत पुगेको छ । देशका नागरिक स्वास्थ्य, शिक्षा र आर्थिक स्थितिको स्तरलाई मापन गरिने मानव विकास सूचांकक पनि ०.५७९ बाट बढेर ०.६०१ मा पुगेको छ । यी सबै तथ्यहरूले गर्दा विगतमा केही भएन भन्ने भाष्य निर्माण गरेर राजनीतिक स्वार्थ पुरा गर्ने र जनतालाई भ्रममा राख्ने प्रयास कै कारण केही भएन भने भाष्य प्रयोग गरिएको पुष्टि हुन्छ ।

३० वर्षसम्म केही भएन भने भाष्य किन यति व्यापक बनाइयो त ? यसको मुख्य कारण सरकारको दस्तावेजमा आफैँले औल्याएको छ । जसको एकमात्र कारण लक्ष्य र उपलब्धिबीचको ठुलो खाडल वास्तविक उपलब्धिबीचको ठुलो अन्तरले गर्दा र राजनीतिक प्रतिशोधकै लागि मात्र विगत ३५ वर्षमा केही भएन भने भाष्य प्रयोग गरिएको हो, प्रतिशोधको राजनीतिको अन्त्य प्रतिशोध हुन सक्दैन भन्ने हेक्का रास्वपा नेतृत्व र बालेन सरकारलाई हुन जरूरी छ ।

## सरकार...

गर्न नदिई राखौँ भने तिमीहरूलाई त के भन्ने देखाउन खोजेको हुन सक्छ ।

राणालाई भेट्न मानव अधिकार आयोगको टोलीलाई समेत दिएनन् । पूर्व प्रधानन्यायाधिश रहिसकेका व्यक्तिलाई प्रहरीले भेटन दिएन भने सामान्य मानिसको अवस्था कस्तो होला ? रास्वपा नेतृत्वको बालेन सरकार पछिल्लो समयमा संविधान ऐन कानुनको पालना गर्न चुकेको भएपनि त्यस विषयमा रास्वपा भने मौन रहेको छ । पूर्व प्रधानन्यायाधिश राणालाई पक्राउ गरेको विषयमा संसदमा कुरा उठेको भएपनि त्यस विषयमा नत रास्वपा बोलेको छ नत संसदमा रास्वपाका सांसदहरु नै बालेका छन् । मानौँ उनीहरूको मुखमा बुझो लागेको छ । रास्वपाका सांसद एवं प्रवक्ताले त यस विषयमा बोल्नुपर्ने आवश्यकता नै नभएको अभिव्यक्ति दिएका छन् । यहि विषयमा सर्वोच्च अदालतको फूल कोटको बैठक असोज १२ गते बसेको थियो सो बैठकमा प्रधानन्यायाधिश सहित सबै न्यायाधिशहरूको उपस्थिति रहेका थियो । सो बैठकले कानुनको पालना गर्न आग्रह गर्दै यस्तो कार्य स्वच्छाचारिता देखिएको भन्दै यस्तो कामलाई लोकतान्त्रिक शासन प्रणालीले स्वीकार गर्न नसक्ने फुलकोटको बैठकपछि जारी गरिएको विज्ञप्तिमा जनाइएको छ । दुई तिहाईको दम्भ र घमण्डले सरकार प्रतिशोधको राजनीतिमा मात्र लागेको छैन स्वेछाचारिताको मार्गतर्फ उन्मुख हुँदै गएको छ ।

## कानुनी..

उठाउने अनि केही घण्टापछि कुनै स्पष्ट कारणविना परिवारको जिम्मा लगाएर छोड्ने कार्यले सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न समेत उठाएको छ ।

राणालाई गत शनिबार १० गते मध्यरातमा उनको निजी निवासबाट पक्राउ गरिएको थियो भने असोज ११ गते उनलाई रिहा गरिएको थियो । पक्राउ गर्न पुगेका प्रहरीहरूले राणामाथि जेनजीहरूले आक्रमण गर्न सक्ने सन्देश राणालाई सुनाएका थिए । नागरिकको ज्यानको सुरक्षा गर्ने जिम्मेवारी सरकार र प्रहरी प्रशासनको हो तर अघिल्लो दिन ज्यानको खतरा भनिएका व्यक्ति भोली पल्ट नै खतरामुक्त भए त ? यसको विश्वाशिलो जवाफ बालेन सरकारका गृह प्रशासनले जनतालाई दिनुपर्दछ ।

पूर्व प्रधानन्यायाधिशलाई त यस्तो व्यवहार गरिन्छ भने सामान्य नागरिकको अवस्था कस्तो होला ? अहिलेको गम्भीर प्रश्न भनेको यही हो । प्रधानमन्त्री बालेन संयुक्त राष्ट्रसंघको ८१ औँ महासभामा भाग लिएर स्वदेश फर्किएकै रातमा पूर्व प्रधानन्यायाधिशलाई विनापुर्जी पक्राउ गर्न र भोलीपल्टै विनासर्त रिहा गर्नुले प्रधानमन्त्री बालेनको छविमा समेत नराम्रो धक्का लागेको सन्देश स्वदेश र विदेशमा समेत गएको छ भने राणालाई प्रहरी हिरासतमा हुँदा मानवअधिकार आयोगको टोलीलाई समेत भेट्न नदिनुले संविधानले दिएको अधिकार समेत बालेन सरकारले खोसेको जस्तो देखिन्छ ।

## अन्धभक्त...

उदाउँदो चतुर राजनीतिका र असाधारण मास्टर माइण्ड भएको दुर्लभ नेता भन्ने किसिमले अतिरञ्जित भ्रम फैल्याइयो । तर वास्तविकतामा बालेनको त्यो छवि मेल खाँदैन । ताली नै विस्तारै ट्रोलमा बदलिन थाल्छ र त्यसबेला बालेनका अन्धभक्तहरु भन्न थाल्छ पुराना दलहरूले बालेनलाई काम गर्न दिएनन् भनेर ।

काठमाडौबासीले बालेनको काम गराई, सौँच, विचार उनी मेयर हुँदै देखिसकेका छन् । उनी कसैलाई गन्दैनन् आफ्ना अन्धभक्तबाहेक अरूलाई भेट्दैनन् । राजनीतिज्ञमा हुनुपर्ने धेरै गुणहरु बालेनमा देखिँदैन । आफ्ना विपक्षीहरूलाई सम्मान गर्न सक्दैनन् र त्यही कारणले गर्दा उनका अन्धभक्तहरु सामाजिक सञ्जालमा रमाउन थालेका छन् । सामाजिक सञ्जालमै बालेन सरकार रमाउन थालेका हुनाले उनको अन्धभक्तहरूले पनि त्यसै गर्न थालेका हुन् । राजनीतिज्ञहरूले समर्थक र विपक्षी को भनेर छुटाउने होइन सबैलाई समान व्यवहार गर्नुपर्ने आवश्यकता हुन्छ । अहिले रास्वपाको बहुमत रहेको भएपनि त्यो सँधैभरीका लागि होइन र बालेन पनि सँधैभरिका लागि प्रधानमन्त्री होइनन भन्ने हेक्का बालेनका अन्धभक्तहरूले समयमै बुझ्नु आवश्यक छ । आवश्यकताभन्दा बढी अन्धभक्त हुनु भनेको दास हुनु नै हो ।

## देउवाले...

महत्वपूर्ण रहेको देउवाले उल्लेख गरेका छन् ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, पूर्ण प्रेस स्वतन्त्रता र विधिको शासनका लागि पार्टीले गरेको बलिदान, त्याग र संघर्षलाई थप मजबुत बनाउन १५औँ महाधिवेशनले महत्त्वपूर्ण भूमिका खेल्ने उनले बताएका छन् । जारी अपिलमा देउवाले भनेका छन्, 'म तमाम नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरूमा देशभरका ६ हजार ७ सय ४३ वडामा एकै साथ विधि र प्रक्रिया पुरा गरेर सुरू हुन लागेको अधिवेशनमा हर्ष उल्लासका साथ सहभागी भएर सम्पन्न गर्नुहुन हार्दिक अनुरोध गर्दछु ।'

यस्तै, पार्टीभित्र रहेका आन्तरिक मतभेदहरूलाई १५औँ महाधिवेशन मार्फत समाधान गरी नेपाली कांग्रेसलाई थप मजबुत र एकढिक्का बनाउने प्रण समेत सभापति देउवाले जारी गरेको वक्तव्यमा उल्लेख गरेका छन् ।

## आफ्नो...

निजी क्षेत्रका सञ्चारमाध्यममा कार्यरत रहेका पत्रकार कर्मचारीहरूले लोककल्याणकारी विज्ञापनको रकम कटौती गरेकामा विरोध जनाउँदै विरोध प्रदर्शन गरिरहेका भएपनि त्यसतर्फ सरकारले समस्याको समाधान गर्ने पहल सम्म गरेको छैन । ठीक त्यही बेला पूर्व प्रधानन्यायाधिशलाई मध्यरातमा पक्राउ गरेर करिब १२ घण्टा पछि रिहा गरेको छ । पक्राउ परेका पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणालाई प्रहरी कार्यालयमा भेट्न पुगेको मानव अधिकार आयोगको टोलीलाई समेत राणालाई भेट्न दिएन ? आखिरी किन ? रास्वपा नेतृत्वको बालेन सरकारले पूर्व विशिष्ट पदाधिकारीलाई विना आधार पक्राउ गर्नु र १२ घण्टापछि रिहा गर्न विपक्षी दल र सरकारको विरोध गर्नेहरूलाई तर्साउनकै लागि राणालाई पक्राउ गरिएको हुन सक्छ ।

सरकारले राणालाई जेनजीहरूको थ्रेट रहेको बताएपछि जेनजीहरूले त्यसको विरोध गरेका छन् । उनीहरूले कसले थ्रेट गऱ्यो त्यसको नाम सार्वजनिक गर्न सरकारसँग आग्रह समेत गरिसकेको भएपनि सरकार मौन रहेको छ ।

जेनजीहरूलाई देखाएर २०८२ भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शन गर्ने र त्यही विरोध प्रदर्शनलाई हिंसात्मक बनाएर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य गर्नेहरु नै अहिले सरकारमा रहेका छन् । भाद्र २४ गतेको घटनामा संलग्न रहेका व्यक्तिहरु मध्येका सुधन गुरूङ गृहमन्त्री रहेका छन् भने कुनै अँध्यारो कोठामा बसेर जेनजीहरूलाई निर्देशन दिने व्यक्ति नै प्रधानमन्त्री रहेका भएपनि किन सरकारले जेनजीहरूलाई थ्रेट दिएको आरोप लगाएको छ । रास्वपाले राणा पक्राउको विषयमा कुनै प्रतिक्रिया जनाउनु नपर्ने उद्घोष रास्वपाका प्रवक्ताले बताएका हुनाले सरकार आफ्ना विपक्षीहरूलाई तर्साएर राज्य सञ्चालन गर्न चाहिरहेको छ भन्ने प्रष्ट रूपमै देखिएको छ । सरकारले पहिला विपक्षी दलहरु तर्साउन खोज्यो, त्यसपछि निजी क्षेत्रका सञ्चारमाध्यममा आर्थिक नाकाबन्दी लगायो ।

पछिल्लो चरणमा पूर्व प्रधानन्यायाधिशलाई पक्राउ गऱ्यो । यी सबै काण्ड हुँदा पनि रास्वपा सभापति मौन रहनुको अर्थ के हुनसक्छ ? त्यसको एउटै अर्थ हो उनीसमेत सरकारको यस कार्यमा सहमत रहेका छन् भन्ने होइन र ?

## प्रधानमन्त्री...

संकट आउन सक्छ । बालेन सरकार गठन भएकै दिन एमाले अध्यक्ष केपी ओली र रमेश लेखकलाई मध्यरातमा पक्राउ गरियो त्यो पनि मन्त्रिपरिषद्को निर्णय नै गरेर ।

अहिले सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश चोलेन्द्र शमशेर राणालाई असोज १० गते मध्यरामा पक्राउ गरियो । त्यसमा पनि विनापुर्जी । पक्राउ गरिएको भोलीपल्ट ११ गते नै उनलाई रिहा गरियो, त्यसको कारण के हो ? पक्राउ गर्दा पक्राउ पुर्जी किन दिइएन र भोली पल्ट नै किन रिहा गरियो ? पक्राउ गनुको कारण सहितको पक्राउ पुर्जी लिनुपर्ने नियम हुँदाहुँदै किन पूर्व प्रधानन्यायाधिश रहिसकेका व्यक्तिलाई विना आधार पक्राउ गरियो ? पूर्व प्रधानन्यायाधिश माथि त यस्तो व्यवहार हुन्छ भने सामान्य जनतामाथि कस्तो व्यवहार होला ? अहिलेको मुख्य प्रश्न भनेको यहि हो यदि यस्तै हुने हो भने बालेन सरकारको लागि अहिलेको अनुकूल परिस्थिति जुनसुकै बेला प्रतिकूलमा बदलिन सक्छ भन्ने हेक्का रास्वपा नेतृत्वको बालेन सरकारलाई होस् ।

# सहकारीबाट ठग्ने प्रवृत्ति निरूत्साहित गर्न चक्रीय राहत कोष सञ्चालन कार्यविधि जारी

काठमाडौं । समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया थप स्पष्ट पार्दै 'चक्रीय राहत कोष सञ्चालन कार्यविधि, २०८३' जारी गरिएको छ। सहकारी सञ्चालक, व्यवस्थापक तथा हिनामिनामा संलग्न व्यक्तिको सम्पत्ति रोक्का र लिलाम गरी बचतकर्ताको रकम फिर्ता गर्ने व्यवस्था कार्यविधिमा राखिएको छ। कार्यविधिअनुसार सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारीका बचतकर्ताको नाम, बचत रकमलगायत विवरणसहितको लगत तयार गर्नुपर्नेछ। त्यसका लागि सार्वजनिक सूचना निकालेर बचतकर्तालाई १५ दिनको समय दिई नागरिकता, सेयर प्रमाण, स्थायी लेखा नम्बर, राष्ट्रिय परिचयपत्र, बचत तथा ब्याजको विवरण, बैंक खाता, सहकारीबाट लिएको ऋण तथा धितो र अन्य सहकारीमा रहेको बचतको विवरण माग गर्न सकिनेछ।

कोषमा उपलब्ध रकमका आधारमा दोहोरो नपर्ने गरी दाबी पेस गरेका बचतकर्तालाई रकम फिर्ता गर्न सकिने व्यवस्था कार्यविधिमा गरिएको छ। बचतकर्तालाई फिर्ता गरिएको रकम भने सम्बन्धित सहकारीबाट पछि शोधभर्ना गर्नुपर्नेछ।

रकम फिर्ता गर्दा सहकारी समस्याग्रस्त घोषणा हुनुअघिको अभिलेख, विवरण वा कम्प्युटर प्रणालीमा देखिएको बचत मौज्दातलाई आधार मानिने उल्लेख छ। समस्याग्रस्त सहकारीको दायित्व अन्ततः राज्यकोषबाट मात्रै व्यहोर्नेभन्दा पहिले सम्बन्धित सहकारी तथा त्यसमा जिम्मेवार व्यक्तिको सम्पत्तिबाट असुल गर्ने प्रक्रियालाई कार्यविधिले जोड दिएको छ।

एकल महिला, ज्येष्ठ नागरिक, दलित तथा आदिवासी जनजाति, पूर्ण अशक्त अपांगता भएका व्यक्ति तथा सरकारले तोकेका घातक रोग लागेका बचतकर्ताले समस्याग्रस्त सहकारीबाट पहिलो प्राथमिकतामा बचत फिर्ता पाउने कार्यविधिमा उल्लेख छ। बचतकर्ताको मृत्यु भएको वा स्थानीय तहबाट बेपत्तत भएको सिफारिस आएमा प्रचलित कानुनअनुसार हकवालालाई प्रमाणका आधारमा रकम फिर्ता गर्न सकिने व्यवस्था पनि छ। एकभन्दा बढी समस्याग्रस्त सहकारीमा बचत रहेका व्यक्तिको हकमा भने पहिले सबैभन्दा कम रकम बचत भएको संस्थाबाट रकम फिर्ता गरिनेछ। त्यसपछि क्रमशः अन्य संस्थाबाट रकम फिर्ता गर्ने व्यवस्था छ। सम्बन्धित सहकारीबाट ऋण लिएका बचतकर्ताले ऋण चुक्ता वा हिसाब मिलान नगरेसम्म आफ्नो बचत रकम फिर्ता पाउनेछैनन्। त्यस्तै, समस्याग्रस्त सहकारीका सञ्चालक, व्यवस्थापक, अपचलन वा दुरूपयोगमा संलग्न व्यक्ति तथा उनीहरूको एकाघर परिवारका सदस्यको बचत रकमसमेत तत्काल फिर्ता नगरिने व्यवस्था गरिएको छ। त्यस्ता व्यक्तिको दायित्व फरफारक भएपछि मात्रै रकम फिर्ताको प्रक्रिया अघि बढ्नेछ।

सहकारीको रकम हिनामिना वा दुरूपयोगमा संलग्न व्यक्तिको सम्पत्ति रोक्का गर्ने व्यवस्था कार्यविधिमा छ। 'बचतकर्तालाई रकम फिर्ता गर्नुअघि सम्बन्धित सहकारीका सञ्चालक, व्यवस्थापक, लेखा समिति, ऋण उपसमिति, जिम्मेवार कर्मचारी तथा सहकारीको सम्पत्ति र बचत-ऋण हिनामिनामा संलग्न अन्य व्यक्तिको चल-अचल सम्पत्ति र बैंक खाता रोक्का गर्नुपर्नेछ । त्यस्ता व्यक्तिको सम्पत्ति लिलाम बिक्री तथा व्यवस्थापन गरेर बचतकर्ताको रकम असुल गर्न सकिनेछ,' कार्यविधिमा भनिएको छ।

लिलामबाट पनि बचतकर्ताको रकम पूरा नभएमा उनीहरूका परिवारका सदस्यले अंशबन्डा वा सम्बन्धविच्छेद गरी सहकारीको रकम अन्य कम्पनी, संस्था, आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको प्रमाणित भए त्यस्तो रकमबाट बढेको सम्पत्तिसमेत रोक्का र लिलाम गर्न सकिने व्यवस्था गरिएको छ।

## सरकार...

बालेन सरकारको चेत फिरेको देखिएन विरोधीलाई पक्राउ गरेर सरकारको साख बढ्दैन ।

सरकारले आफ्ना प्रतिद्वन्द्वीहरूलाई भित्तामा पुऱ्याउने रणनीति लिएको देखिन्छ । पुराना भनिएका दलहरूले सरकार सञ्चालन गर्दा जनताका लागि केही गरेनन् भने भाष्य निर्माण गर्न प्रधानमन्त्री बालेनले फेसबुकको साहारा लिँदै फेसबुकमा स्टाटस लेख्दै विपक्षी दलको नेताहरूलाई गाली गलौज गर्ने हतियार स्टाटसलाई बनाएका हुनाले सरकार समर्थक र बालेन समर्थकहरूले पनि त्यस्तै व्यवहार देखाउँदै आएका छन् । सरकारले संविधान ऐन कानुनलाई मिचेर दुई तिहाईको दम्भ देखाउने क्रम जारी रहेको छ ।

संविधान अनुसार गठन भएका सम्वैधानिक निकायदेखि सरकारी संयन्त्रमा समेत हस्तक्षेप गरी आफ्नो सरकारको विरोध गर्नेहरूलाई तह लगाउने क्रममा अनेक प्रकारका हथकण्डा अपनाउन थालिएको छ भने निजी क्षेत्रका सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाइएको छ । निजी क्षेत्रका छापामाध्यमलाई विगत २०१६ सालदेखि दिँदै आएको लोककल्याणकारी विज्ञापन रकम कटौती गरिएको छ ।

सरकारका मन्त्रीहरूले नै आफ्नो निर्वाचन क्षेत्रका आफ्ना मतदाताहरूलाई आफूले पाएको मत फिर्ता लैजाउ भन्दै धम्की दिन थालेका छन् । यसरी आफ्नो असक्षमता र नालायकीपन लुकाउनैका लागि उनीहरु व्यस्त रहेका छन् । यी सबै कारणहरूले गर्दा रास्वपा नेतृत्वको बालेन सरकार पुराना दल भन्दा निकै छोटो समयमै जनताको नजरमा असक्षम जस्तो देखिएको छ ।


## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौ,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतवाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- विपद्को स समयमा एक-आपसमा मनोबल बढाऔं, । मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार